ehetaudasandesh.com
हेटौंडा सन्देश राष्ट्रिय दैनिक
प्रदेश "क" वर्ग
२५औं वर्ष
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३२४ ॥ शुक्रबार १ जेठ २०८३ ॥ चतुर्दशी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Friday 15 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## आर्थिक रुपान्तरणः अचार बनाउने तालिम



सन्देश संवाददाता

हेटौंडा/सामाजिक तथा आर्थिक रुपान्तरणका लागि महिलालाई लक्षित गर्दै आयमूलक अचार बनाउने तालिम दिइएको छ। नेपाल मानवअधिकार संगठन मकवानपुरको आयोजना तथा बागमती प्रदेश सामाजिक विकास कार्यालय हेटौंडाको प्रवर्द्धनमा बुधबारदेखि २० जना महिलाको सहभागितामा तालिम सुरु भएको थियो।

तालिममार्फत् महिलालाई स्वरोजगार तथा उद्यमशीलतामा जोड्ने उद्धेश्य रहेको आयोजकले जनाएको छ। नेपाल मानवअधिकार संगठन मकवानपुर अध्यक्ष शर्मिला श्रेष्ठको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्की प्रमुख कार्यकारी निर्देशक शान्ति लामाको प्रमुख आतिथ्यता रहेको थियो। लामाले महिलालाई आत्मनिर्भर बनाउन सकेमा घरायसी धेरै समस्याहरुको समाधान हुनेमा आशा ब्यक्त गर्दै हामीले गृहिणीलाई फोसक गर्नुपर्छ उनले भनिन्।

कार्यक्रममा मानव अधिकार कर्मी सुनिरा लामा, प्रशिक्षक सूचना श्रेष्ठ, संगठन कोषाध्यक्ष तेजकुमारी थापा, सचिव अपेक्षा बस्नेतलगायतको उपस्थिति थियो।

# खोलाबगरमा बालुवा कोट्याउँदै ९१ वर्षीय

सन्देश संवाददाता



हेटौंडा/हेटौंडा उपमहानगर पालिका-१२ अन्तर्गत् पर्ने कुखेनी खोलाकिनारमा बालुवा चालेर जीविका चलाउने श्रमिकहरुको जीवन निकै कष्टकर छ। नदीकिनारमा रहेको बगरमा कोही बालुवा चाल्छन्, कोही गिट्टी कुट्छन्, कोही खोलामा ढुंगा खोज्दै पानीसँग जुधिरहेका भेटिन्छन्। नदीकिनारमा घाम टाउकोमा चर्किएर पर्दा, बगरको बालुवा र गिट्टी तातेर पोल्छ। त्यही तातो ढुंगामाथि नांगो खुट्टाले टेक्दै ९१ वर्षीय वृद्ध रामबहादुर स्यांतानका हातहरुले दिनभरि खोलाबगरमा बालुवा कोट्याइरहेका भेटिन्छन्।

बैशाख महिनाको गर्मी, त्यसमा पनि दिउँसो १२ बजेको घाम, चिरिक्क चर्केर टाउको पोल्दासमेत स्यांतानका सहासी हातहरु रोकिँदैनन्। आफ्नो पुरानो घर मनहरी तार्सिकोट बताउने उनी चर्किलो घामका पसिनाले भिजेका आफ्नो शरीरमाथिको बस्त्र खोलेर नदीको बगर बालुवामा जीवन खोजिरहेका भेटिन्छन्। छेऊमा ओत लाग्न छाता-बालुवामाथि गाडेर काम गर्दै गरेका स्यांतानले उक्त काम गर्न थालेको १७/१८ वर्ष भइसकेको सुनाए।

स्यांतानले भने-पहिले परिवारमा १/१ छोराछोरी र पत्नी थिए। पत्नी बितेको १९ वर्ष भइसक्यो। भएको एउटा छोरा पनि ४/५ वर्ष अगाडि बित्यो। हाल बनस्थलीमा रहेको छोरीज्वाईंको घरमा बसेर काम गर्छु। विहान ७ बजे खोलामा आउँछु, ११ बजेतिर खाना खान जान्छु। घरमा बस्न मन लाग्दैन। फेरि यहीं फर्केर आएर बेलुकासम्म काम गर्छु। हाल काम गर्न सक्दिनँ, १७/१८ दिन लाग्छ एक ट्याक्टर बालुवा खोज्न। त्यसबापत २ हजार पाउने उनले बताए।

एक ट्याक्टर गिट्टीको १ हजार २ सय र एक ट्याक्टर ढुंगाको ५ सयदेखि ८ सयसम्म पाउने उनले बताए। त्यो पनि प्रहरीप्रशासन आएर हैरान पर्ने गरेको भन्दै काम गरेर खान पनि नदिएको भन्दै दुःख व्यक्त गरे। सोही स्थानमा बालुवा चाल्दै गरेको अवस्थामा ७६ वर्षीय सूर्यकुमारी वाइबासमेत भेटिए। वाइबालाई ९१ वर्षीय वृद्ध स्यांताने बहिनी बनाएका रहेछन्।

दुवै जना बनस्थलीमा एकै ठाउँ बस्ने र सूर्यकुमारी बिमार भइरहेको अवस्था र स्यांतान वृद्ध अवस्था भएपछि दुवैले मिलेर काम गर्ने निधो गरेका रहेछन्। खोला बगरमा बुढा स्यांतान घामबाट जोगिन सानो छातामुनि बस्दै ढुंगा टिपिरहेका र हन्छन्। छेऊमै उनकी बहिनी, हातमा सानो औजार, बालुवा खन्ने गर्छिन्। उनीहरुका अनुहारमा थकान स्पष्ट देखिन्छ। तर, त्योभन्दा ठूलो देखिन्छ-बाँच्नुपर्ने बाध्यता भेटिन्थ्यो। सूर्यकुमारीको आफ्नो घर छैन। उनी बनस्थलीमा भाडामा कोठा लिएर बस्छिन्। परिवारमा छोरा, बुहारी, २ नाती र आफूसहित ५ जना रहेको भन्दै फुर्सद्मा छोराले पनि खोलामा आएर सघाउने गरेको सुनाइन्। २०५९ सालदेखि खोलाबगरमा काम गर्न थालेकी उनले महिनाको २ हजार त कहिले त्यति पनि कमाउन नसकेको कुरा सुनाइन्। घरमा काम नगर्नु भन्छन्। तर, छोराले कमाएको बुहारीको हातमा दिन्छ। आफ्नो हातले कमाएको आफैंलाई हुन्छ, लाउन खान पाइन्छ भनेर काम गर्न आउँछु। सरकारले दिने गरेको बृद्धाभत्ताले खानबस्न पुग्दैन।

'सरकारले हामीजस्ता खोलाबगरमा काम गर्ने समस्यामा परेकालाई राहत दिनुपर्छ। म त झन् रोगी छु। औषधी खान र जँचाउनसमेत पैसा छैन। सरकारले सञ्चालन गरेको स्वास्थ्य विमासम्बन्धि बेखबर उनी स्वास्थ्य विमा नहुँदा उपचार र औषधी गर्न धौधौ रहेको सुनाइन्। आफूलाई घुँडा दुख्ने, निहुरेर काम गर्न नसक्ने र पेट दुख्ने रोग भएकोले गह्रुंगो काम नगर्न छिमेकीको सुझाव रहेको सुनाइन्। तर, बाँच्नको लागि त काम गर्नुपर्ने नै हुन्छ। नत्र ३/४ थरि औषधी किन्न पैसा हुँदैन। उनले सरकारले गरिबलाई गरिखान नदिएको भन्दै आक्रोश व्यक्त गरिन्।

उनले भनिन्-समयसमयमा खोलामा पुलिस आएर खेदाउने गरेको छ। अघिल्लो वर्षको घटना सम्झँदै गहभरि आँसु पार्दै आफ्नो दुःख यसरी सुनाइन्-अघिल्लो वर्ष काम गर्दै थिएँ। २/४ जना पुलिस आएर बुढेसकालमा चौकीमा बस्नुपर्ला भन्दै थर्काए, धम्की दिए। मैले खानलाउन गाह्रो भएर हो यस्तो काम गर्नु परेको भनें। तर, टेरेनन्, यहाँबाट नगए चौकीमा लगरे थुनदिने भन्दै झन् बढी कराए। रहरले हाइन बाध्यताले विहानदेखि घामपानी नभनी काम गरेर खान्छौं भन्दा नि सरकारले गरिखान दिँदैन।

बगरछेउ उनीबाट अलि पर बगिरहेको खोलाबाट ढुंगा निकाल्दै गरेको अवस्थामा भेटिए ३० वर्षीय सुकुराम थिङ। खोलामा बगिरहेको पानीसँगै उनीहरुको पसिना पनि बगिरहेको थियो। तर, त्यस पसिनाले उनीहरुमा आशाका किरणहरु बढी जगाइरहेको स्पष्ट देखिन्थ्यो। परिवारमा २ छोरा, पत्नी र आफू रहेको बताउँदै पत्नीसमेत आफैंसँग काम गर्न आउने गरेको थिङले बताए। खोलामा एक ट्याक्टर गिट्टी, बालुवा, ढुंगा खोजेबापत् १ हजार ५ सय पाउने तर ३/४ दिन लाग्ने बताए। आफूसँग सिप छ, तर लगानी छैन। दैनिकी खर्च जोहो गर्न विहान बेलुका खानलाउन गाह्रो भएपछि यसरी काम गर्न बाध्य भएको उनले सुनाए। घाम पनि भन्न पाइँदैन, दुःख बिमार भए नि सुख छैन। काम गर्न गाह्रो छ। त्यसमा पनि प्रहरी आएर हैरान गर्ने गरेको उनले सुनाए।

सुकुमाया उमेरले २७ वर्ष भइन्। खोलामा आउँदा पतिसँगै आउने उनका २ छोरा रहेको बताइन्। सरकारले कि काम गर्न दिनुपऱ्यो, होइन भने दाल, चामललगायत कुराहरु दिनुपर्ने उनीहरुको भनाइ थियो। सोही स्थानमा बालुवा चाल्दै गरेको अवस्थामा भेटिइन् ७२ वर्षीया कान्छीमाया तितुङ।

पतिलाई ५ वर्ष अघिदेखि प्यारालाइसिस भएको र ५ छोरा कोही कता कोही बाहिर रहेको सुनाइन्। महिनाको २ हजार जति कमाइ हुने भन्दै त्यो पैसाले पतिको औषधी र आफ्नो औषधी उपचार गर्नसमेत निकै गाह्रो परेको बताइन्।

'परिवारले काम गर्न नजानु भन्छन्। घरमै सुतेर कसले पैसा दिन्छ र, त्यही भएर खोलामा आउने गरेकी छु,' उनले बताइन्। मेरो किड्नीमा पानी जमेको छ। गाह्रो काम नगर्नु भनेको छ। तर, यहाँ कहाँ सुख पाइन्छ र, प्रेसर पनि छ रोग नै रोग बोकेर हिंडेकी छु। सरकारले हेरिदिनुपऱ्यो।

आर्थिक समाचार

## गुणस्तरहीन चाउचाउ फिर्ता गर्न आदेश




सन्देश संवाददाता

काठमाडौं/खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले गुणस्तर मापदण्ड पूरा नगरेको भन्दै यशोधा फुड्स प्रालिद्वारा उत्पादित दुई प्रकारका चाउचाउ तथा एक बिस्कुट ब्राण्डलाई तत्काल बजारबाट फिर्ता गर्न निर्देशन दिएको छ।

विभागले १०० ग्राम प्याकेटको करेन्ट नुडल्स र ५० ग्रामको लाली चाउचाउमा सरकारले तोकेको अनिवार्य गुणस्तर मापदण्डअनुसार एक्सट्राक्टेड फ्याटको एसिड भ्यालु नमिलेको पाइएको जनाएको छ। परीक्षणका क्रममा गुणस्तर मापदण्डविपरीत देखिएपछि ती उत्पादन बजारबाट फिर्ता गर्न आदेश जारी गरिएको विभागले जनाएको हो।

एसियन बिस्कुट एण्ड कन्फेक्सनरी प्रालिद्वारा उत्पादित ज्याकन्याक क्रेकर्स बिस्कुट पनि गुणस्तरहीन पाइएपछि विभागले बिक्रीवितरण रोक्न र बजारबाट फिर्ता गर्न निर्देशन दिएको छ। विभागका अनुसार नियमित बजार अनुगमन तथा प्रयोगशाला परीक्षणका क्रममा ती खाद्य पदार्थमा गुणस्तर सम्बन्धि समस्या फेला परेको हो। उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्नसक्ने भएकाले तत्काल उत्पादन फिर्ता गर्न र आवश्यक सुधार गर्न सम्बन्धित उद्योगलाई निर्देशन दिइएको बताइएको छ।

विभागले उपभोक्तालाई समेत यस्ता उत्पादन खरिद गर्दा लेबल, उत्पादन मिति, गुणस्तर चिह्न तथा आधिकारिक जानकारी हेर्न आग्रह गरेको छ। बजारमा गुणस्तरहीन खाद्य पदार्थबिक्री वितरण गर्ने उद्योग तथा व्यवसायीमाथि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ। पछिल्लो समय बजारमा खाद्यवस्तुको गुणस्तरबारे प्रश्न उठिरहेका बेला विभागले अनुगमनलाई कडाइ गर्ने संकेत दिएको छ।

## ४ जीपीए प्राप्त गर्ने १३ विद्यार्थीलाई सम्मान

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकाले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गरी ४ जीपीए प्राप्त गर्ने मकवानपुर जिल्लाका विभिन्न विद्यालयका १३ जना विद्यार्थीलाई सम्मान गरेको छ। उपमहानगर पालिकाले उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेका विद्यार्थीलाई जनही ६ हजार नगदसहित प्रमाणपत्र प्रदान गरी सम्मान गरेको हो।

सम्मानित विद्यार्थीहरुमा नवोदय शिक्षा सदनकी वृष्टि जयसवाल, परजन्य कुशवाह र पूर्णता गोर्खाली, जीएस निकेतनका एलेक्स घिमिरे, समीक्षा यादव र रौनक भण्डारी, बालजागृति अंग्रेजी माध्यम विद्यालयकी देविना सञ्जेल र रेनिसा सापकोटा, व्रह्मदिक विद्यालयकी कृष्मा लौडारी र आभास घिमिरे, आधुनिक विद्यालयका प्रशान्त यादव, बालज्योति विद्यालयका शुभम् खनाल, फ्याम्कल विद्यालयका कृष्ण रिजाल छन्।

कार्यक्रममा विद्यार्थीहरुको मेहनत, अनुशासन तथा लगनशीलताले जिल्लाकै शैक्षिक क्षेत्रलाई गौरवान्वित बनाएको उल्लेख गर्दै आगामी दिनमा समेत निरन्तर उत्कृष्टता हासिल गर्न शुभकामना व्यक्त गरिएको थियो। उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्दै शैक्षिक गुणस्तर अभिवृद्धिमा सकारात्मक वातावरण निर्माण गर्ने उद्धेश्यले सम्मान कार्यक्रम आयोजना गरिएको हो।

## प्रचण्ड-बाबुरामविरुद्ध 'युद्ध अपराध' रिट निसुमा

काठमाडौं/तत्कालीन प्रधान मन्त्रीद्वय पुष्पकमल दाहाल प्रचण्ड र बाबुराम भट्टराईविरुद्ध दायर 'युद्ध अपराध' सम्बन्धि रिट निवेदन सर्वोच्च अदालतले निर्णय सुनाउन निसु (निर्णय सुनाउने) मा राखेको छ। सर्वोच्च अदालतका काय ममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लसहित न्यायाधीशहरु सुनीलकुमार पोखरेल र शान्तिसिंह थापाको पूर्ण इजलासमा उक्त रिटमाथि सुनुवाइ भएको हो।

तत्कालीन माओवादीका पूर्वबालसेना लेनिन बिष्टसहित ९ जनाले २०८० जेठ २८ गते दुई पूर्व-प्रधानमन्त्रीलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

यसअघि २०८१ फागुन २५ गते न्यायाधीशद्वय बिनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले उक्त मुद्दालाई पूर्ण इजलासमा पठाउने आदेश दिएको थियो। रिट निवेदनमा १० वर्षे सशस्त्र द्वन्द्वका क्रममा बालबा लिकालाई बालसेनाका रुपमा भर्ती गरिएको, पछि अयोग्य लडाकुको बिल्ला लगाएर शिविरबाट निकालिएको तथा त्यसले आत्मसम्मानमा गम्भीर चोट पुऱ्याएको उल्लेख गरिएको छ।

निवेदकहरुले उक्त कार्य अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएको दाबी गरेका छन्। रिटमा तत्कालीन माओवादी नेतृत्वमा रहेका प्रचण्ड र बाबुराम भट्टराईमाथि अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार फौजदारी कसुरमा अनुसन्धान तथा कारबाही गर्न माग गरिएको छ। नेपालभित्रको संयन्त्रबाट न्याय प्राप्त नहुने अवस्था आए संयुक्त राष्ट्रसंघसँगको समन्वयमा अन्तर्राष्ट्रिय विशेष न्यायाधिकरण गठन गरी कारबाही प्रक्रिया अघि बढाउनुपर्ने माग पनि गरिएको छ।

रिट निवेदक बिष्टले आफू १३ वर्ष उमेरमा माओवादी सेनामा भर्ती भइ युद्धमा प्रयोग भएको दाबी गर्दै उक्त कार्य नेपालको संविधान तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताविपरीत 'युद्ध अपराध' को श्रेणीमा पर्ने उल्लेख गरेका छन्। सर्वोच्च अदालतले अब उक्त रिटमा कानुनी ब्याख्या र राज्यको दायित्वबारे महत्वपूर्ण फैसला दिने अपेक्षा गरिएको छ।

## विपद्जन्य घटना व्यवस्थापनको पूर्वतयारी

सन्देश संवाददाता

हेटौंडा/आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेशको आयोजनामा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीको सभाध्यक्षता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा बागमती प्रदेशमा हुनसक्ने विपद्जन्य घटना र त्यसको रोकथाम तथा व्यवस्थापनको पूर्वतयारीका लागि अन्तर्क्रिया प्रदेश सुशासन केन्द्रको सभाहल हेटौंडामा भएको छ।

बागमती प्रदेशअन्तर्गत् जिल्लाहरुका प्रमुख जिल्ला अधिकारीहरु, प्रदेश, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु र विभिन्न सुरक्षा निकायका प्रमुखहरुले आआफ्नो जिल्लाहरुमा रहेका विपद्का सामग्री, हालको अवस्था, पूर्वतयारी र भावी रणनीतिबारे प्रस्तुतिकरण दिएका थिए। कार्यक्रममा बागमती प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारी, प्रमुख जिल्ला अधिकारीहरु, प्रदेश सुरक्षा समितिका पदाधिकारीहरु, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, बागमती प्रदेशअन्तर्गत् जिल्लाका विभिन्न सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति थियो।

बागमती प्रदेशसभा

## चालु अधिवेशन अन्त्य सिफारिस



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सभाको चालु अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख कार्यालयसमक्ष सिफारिस गर्ने निर्णय भएको छ। बिहीबार बसेको मन्त्रीपरिषद्को बैठकले चालु अधिवेशन आज शुक्रबार राति १२ बजेदेखि अन्त्य गर्न सिफारिस गर्ने निर्णय गरेको हो।

मन्त्रीपरिषद्को निर्णय सार्वजनिक गर्दै प्रदेश सरकारका प्रवक्ता प्रभात तामाङले जेठ १ गते रातिबाट चालु अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा समक्ष सिफारिस गर्ने निर्णय भएको जानकारी दिए। गत चैत्र २४ गतेबाट हिउंदे अधिवेशन आव्हान भएको थियो।


बागमती प्रदेश सरकार आगामी आर्थिक बर्ष २०८३/०८४ को बजेट निर्माणको तिब्र तयारीमा जुटेको छ। कर्मचारीदेखि मन्त्रिसम्म बजेट निर्माणमा छन्, त्यसैले हिउंदे अधिवेशन अन्त्य गरेर प्रि-बजेट छलफलको तयारी रहेको आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका प्रवक्ता तामाङले बताए।

यस्तै, मन्त्रीपरिषद् बैठकले प्रदेश निजामती सेवा नियमावली २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ। २०७९ मा ऐन निर्माण भएर कार्यान्वयनमा आएपनि नियमावली बन्न सकेको थिएन। प्रवक्ता तामाङका अनुसार प्रदेशको स्वास्थ्य मन्त्रालयको प्रस्तावमा काभ्रेमा रहेको स्वास्थ्य तालिम केन्द्र हेटौंडामै स्थानान्तरण गर्ने निर्णय गरिएको छ।

बिहीवारको बैठकले वातावरण संरक्षण ऐन संशोधन विधेयक र प्रदेश उच्च शिक्षा ऐन २०७८ संसोधन गर्न बनेको विधेयक प्रदेश सभामा पठाउन संसदीय समितिमा पठाउने निर्णय गरिएको प्रवक्ता तामाङले बताए।

शैक्षिक क्षेत्रमा वडा कार्यालयको नौलो प्रयास

## दुई दिन बिदाको सदुपयोग गराईदै




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका ४ नं. वडा कार्यालयले आफ्नो वडाभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीलाई विभिन्न प्रकारका जिवन उपयोगी सीपहरु प्रदान गर्ने भएको छ।

वडाका विभिन्न विद्यालयका ७५ जना विध्यार्थीलाई व्यवसायिक तालिम प्रदान गरि सीप सिकाउन लागेको हो। वडाका विद्यालयका कक्षा ९ का विद्यार्थीहरूको लागि सञ्चालन गर्न लागिएको कपाल काट्ने, व्यूटी पार्लर र ईलेक्ट्रिक तालिमको संयुक्तरूपमा विहीबार उद्घाटन गरिएको छ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा हेटौंडा उपमहानगर पालिका ४ नं. वडाका अध्यक्ष नवीन सिग्देलले विद्यालयमा अध्ययरत अवस्थादेखि नै विद्यार्थीलाई जिवन उपयोगी सीप तथा सामान्य प्रकारका तालिमहरु दिनुपर्ने बताउंदै विद्यालय बाट नै विद्यार्थीलाई व्यवसायिक सीपमूलक तालिमको सूरुवात गर्न आवश्यक रहेको बताए।

अध्यक्ष सिग्देलले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीलाई सहभागी गराएर सीपमूलक तालिम सञ्चालन गर्न लागिएको जानकारी गराउदै वर्तमान अवस्थामा शनिबार र आईतबारको दूईदिनको छुट्टीलाई सदुपयोग गर्न र जेठ र असार दूई महिनाको बिदाको पनि सदुपयोग गर्दै तालिम सञ्चालन गर्नुपर्नेमा उनको जोड थियो। उनले अहिलेका युवा बिद्यार्थीहरु फुर्सदको समयमा मोवाईल चलाउने कार्यमा अतिब्यस्त रहेको गुनासो अभिभावकको देखिएकोले पनि यस्ता प्रकारका तालिमहरु उपमहानगरका सबै बिद्यालयहरुले सञ्चालन गर्दै बिदाको दिनमा बिद्यार्थीलाई मोवाईलबाट २ दिन भएपनि पर राख्न र नयां बिषयको जानकारी गराउन सहयोग पुग्ने उनको भनाई थियो।

कार्यक्रममा भुटनदेवी माविका प्रअ सूर्यप्रसाद घिमिरेले ४ नं. वडा कार्यालयले सीपमूलक तालिम सञ्चालन गरेर उपमहानरमै महत्वपूर्ण कार्य गरेको बताउंदै तालिमलाई उपयोगी बनाउन र सदुपयोग गर्न विद्यार्थीलाई आग्रह गरेका थिए।

कार्यक्रमका सभाध्यक्ष शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष तथा श्रमिक माविका प्रअ श्रीराम दाहालले ४ नं. वडा कार्यालयको आयोजनामा शैक्षिक क्षेत्रको उन्नतीका लागि गरिनै यस्ता कार्यक्रमहरुले देशमा नै पहिलो र नयाँ हुनसक्ने बताउंदै तालिम सहभागितामा विद्ययार्थीको उत्साहजनक चासो रहेको बताए।

कार्यक्रममा वडा कार्यालयका सचिव रामप्रसाद गुरागाई, भुटनदेवी माविका सहप्रअहरू भरत पोखरेल, वेदराज कोईराला, बिद्यालयका शिक्षक/शिक्षीका तगा प्रशिक्षकहरूको आथित्यता रहेको थियो।

भ्रामक सूचना र फेक आइडीका कारण समाजमा भ्रम फैलियो

## आधिकारिक सूचनालाई प्राथमिकता दिनुपर्नेमा जोड



सन्देश संवाददाता

हेटौंडा/सामाजिक सञ्जालमा फैलिने भ्रामक सूचना, फेक आइडी र अपुष्ट सामग्रीका कारण समाजमा भ्रम, अविश्वास र मानसिक तनाव बढ्दै गएको भन्दै युवापुस्ताले आधिकारिक सूचना र विश्वसनीय सञ्चारमाध्यमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ।

जनपत्र मिडिया प्रालिले हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ को आयोजनामा तथा संसद सहयोग परियोजना (युएनडीपी) को सहकार्यमा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसमा आयोजना गरेको "भ्रामक सूचनाबाट बचौं, आधिकारिक सूचना रोजौं" विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले सामाजिक सञ्जालको सही प्रयोग, तथ्य जााच र आलोचनात्मक सोचको आवश्यकता औंल्याएका हुन्।

कार्यक्रममा सामाजिक सञ्जालले सूचना आदान-प्रदानलाई सहज बनाएको भए पनि गलत सूचना र अफवाह फैलाउने माध्यमका रूपमा पनि प्रयोग भइरहेको उल्लेख गर्दै विद्यार्थीलाई कुनै पनि सामग्री तत्काल विश्वास नगर्न आग्रह गरिएको थियो। वक्ताहरूले एउटै सूचना विभिन्न विश्वसनीय माध्यममा आएको छ कि छैन भन्ने चेकजाँच गर्न, पोष्ट गर्ने व्यक्तिको विश्वसनीयता हेर्न तथा आधिकारिक निकायबाट पुष्टि नभएसम्म कुनै सूचना शेयर नगर्न सुझाव दिए।

अन्तरक्रियामा सहभागी विद्यार्थीले अहिलेको युवा पुस्ता फेसबुक, टिकटक, इन्स्टाग्राम, युट्युब लगायतका प्लेटफर्मतर्फ तीव्ररूपमा आकर्षित भइरहेको बताए। उनीहरूका अनुसार सामाजिक सञ्जालले साथीभाइ र आफन्तसंग तुरुन्त सम्पर्क राख्न, नयां जानकारी पाउन, मनोरञ्जन लिन तथा आफ्ना विचार अभिव्यक्त गर्न सहज वातावरण बनाएको छ।

कार्यक्रममा सामाजिक सञ्जालको आकर्षणसंगै यसको नकारात्मक प्रभावबारे पनि चर्चा गरिएको थियो। विशेषगरी फुर्सदको अधिकांश समय मोबाइल र सामाजिक सञ्जालमै बिताउने प्रवृत्तिका कारण अध्ययन, सामाजिक सम्बन्ध र मानसिक स्वास्थ्यमा असर परेको विषय उठाउदै सामाजिक सञ्जाल प्रयोग गर्दा समय व्यवस्थापन र सामग्री छनोटमा सचेत हुनुपर्ने धारणा राखेका थिए।

वक्ताहरूले सामाजिक सञ्जाल र समाचारबीचको भिन्नता बुझ्न आवश्यक रहेको बताए। उनीहरूका अनुसार समाचार प्रमाणित सञ्चार माध्यम, पत्रकार वा आधिकारिक संस्थाबाट तथ्य जांच गरेर तयार गरिन्छ भने सामाजिक सञ्जालमा जोकोहीले जुनसुकै सामग्री पोष्ट गर्न सक्छ। त्यसैले सामाजिक सञ्जालमा देखिएको सबै सामग्री सत्य नहुन सक्ने भएकाले त्यसलाई अन्तिम सत्य मानेर धारणा बनाउन नहुनेमा जोड दिइयो।

अन्तरक्रियामा सामाजिक सञ्जालमा फैलिने भ्रामक सूचना कसरी छुट्याउने भन्ने विषयमा विस्तृत जानकारी दिइएको थियो। वक्ताहरूले कुनै पनि सामग्री हेरेपछि त्यसको स्रोत के हो, कसले पोस्ट गरेको हो, आधिकारिक हो कि होइन भन्ने विषय जाँच गर्नुपर्ने बताए। यदि एउटै समाचार विश्वसनीय रेडियो, टेलिभिजन, पत्रपत्रिका वा सरकारी वेबसाइटमा आएको छैन भने त्यसलाई शंकाको दृष्टिले हेर्नुपर्ने सुझाव दिइयो।

कार्यक्रममा फेक आइडीको समस्या अहिले गम्भीर बन्दै गएको विषय पनि उठाइएको थियो। चर्चित व्यक्ति, नेता, कलाकार, पत्रकार वा सार्वजनिक व्यक्तित्वका नाममा नक्कली खाता बनाएर गलत सूचना फैलाउने, चरित्र हत्या गर्ने र आर्थिक ठगीसमेत हुने गरेको उल्लेख गर्दै यस्ता गतिविधिबाट बच्न विद्यार्थीलाई सचेत बनाइएको थियो।

कार्यक्रममा बागमती प्रदेश सभाका प्रवक्ता प्रकाश चापागाईले सामाजिक सञ्जालबाट सहिसूचना मात्र लिनका लागि आग्रह गरे। कार्यक्रममा सहजीकरण गर्दै चापागाईले सामाजिक सञ्जालमा धेरै खालका सूचनाहरु आउने गरेको र ती सूचना सत्य होकी होइनन् भनेर जांच गर्नुपर्ने बताए।

सूचना पाउने हक सबैको रहेकोले सबै सार्वजनिक निकायबाट सूचनाको हकसम्वन्धि कानूनको प्रयोग गरेर कुनैपनि प्राप्त गर्न सकिने सूचना लिन सकिने बताए। कुनैपनि भ्रामक सूचनाहरु फैलाउन नहुनेमा उनको जोड थियो। जेनजी आन्दोलनपछि भ्रामक सूचना धेरै फैलिएको र त्यसको असर परेको उनले बताए।

कार्यक्रममा हेटौंडा स्कुलअफ म्यानेजमेन्टका सहायक प्रिन्सिपल राम पण्डीत खनालले अहिले सामाजिक सञ्जालमा धेरै खालका भ्रामक सूचनाहरु आउने गरेकाले त्यसबाट

.. बांकी ३ पेजमा

**उखान:** तालुमा आलु

॥ ॥ बेलाको बोली ॥ ॥

भविष्य तिनीहरूको पक्षमा हुन्छ । जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्दछन् ।

*- इलेनोर रुजवेल्ट*

## सम्पादकीय

# बजेट सुझाव संकलन थालनी

*हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिहरूको यो कार्यकाल अन्तिम कार्यकाल हो । बि.सं. २०८४ मा हालका जनप्रतिनिधिले पुनः जनतामाझ अनुमोदित हुनुपर्नेछ अर्को कार्यकालको लागि । बिगतको ४ बर्षमा उपमहानगरपालिकाले दलीय आधारमा योजना तर्जुमा गर्दै आई- रहेकोमा यस बर्ष देशकै राजनैतिक माहौल परिवर्तन भएकोले देशभरका स्थानीय निकायहरूले आफु पनि पारदर्शी भएको देखाउन यस्ता क्रियाकलाप गरेका नाटक सुरू गरेका छन् । बागमती प्रदेश सरकार देखि पालिका तथा वडा तहसम्मले हामी धेरै पारदर्शी थियौ भनेर देखाउन खोजेको हुनुपर्छ । नत्र बिगतमा वडामा अति आवश्यक योजना पनि दलको स्थानीय नेताको सिफारिस बिना सम्भव हुदैन थियो । दलीय चंगुलमा फसेको स्थानीय सरकार हाल आएर केही सच्चिन खोजेको आभाष भएको छ । तर, दलीय अहमता भने कत्ति पनि कम भएको पाईदैन ।*

*यसै क्रममा हेटौंडा उपमहानगरले सार्वजनिकरूपमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रमलाई थप पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन सुझाव संकलन गर्न क्युआर कोड सार्वजनिक गरेको छ । उपमहानगरपालिकाले नागरिक, बुद्धिजीवी, व्यवसायी, युवा, महिला, किसान, शिक्षक तथा विभिन्न सरोकारवालाबाट विकास निर्माण, पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, वातावरण संरक्षण, खानेपानी, सडक तथा सामाजिक विकासलगायत विषयमा सुझव संकलन गर्न क्युआर कोड सञ्चालन गरेको छ ।*

*स्थानीय सरकारका नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा नाग- रिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने उद्धेश्यले क्युआर कोडमार्फत् सुझाव संकलनको व्यवस्था गरिएको हो । कार्यालयले सार्वजनिक गरेको क्युआर स्क्यान गरेर नागरिकले आफ्नो अमूल्य सुझाव सहजरूपमा पठाउन सक्ने भएका छन् । यसो गर्दा नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा पारदर्शिता देखिने पालिकाले जनाएको छ । स्थानीय तहको विकासमा नागरिकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सबै क्षेत्र र समुदायको सहभागिताबाट समृद्ध हेटौंडा निर्माण गर्न सकिने उपमहानगरले दावी गरेको छ । त्यसैले हामी आमउपमहानगरबासीले आफ्नो उपमहानगर बनाउन सक्रिय हुनैपर्ने भएको छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | |
|---|---|
| **मेष** – प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि लक्ष्मी बाहिरिने सम्भावना् उच्च देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनु पर्छ । | **बृष** – स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ । गतिलाई पछ्याउने प्रयास गर्नुहोला । धैर्य एवं लगनशीलताले उपलब्धि दिलाउनेछ । |
| **मिथुन** – नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । थप हौसला जगाउनेछ । | **कर्कट** – काममा अनायासै बाधा व्यवधान देखा पर्न सक्नेछ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । समग्रमा स्थिति सामान्य बन्नेछ । |
| **सिंह** – विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ भने सुधार गर्ने मौका छ । | **कन्या** – परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ । |
| **तुला** – अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ । | **बृश्चिक** – बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ । तत्काल योजना सार्वजनिक नगर्नुहोला । आफन्त रिसाउने तथा काम बिग्रने डरले सताउन सक्छ । |
| **धनु** – पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामाजिक काम गर्ने सु अवसर प्राप्त हुनेछ । कडा मिहिनेतले जीवन शैलीमा परिवर्तन आउनेछ । | **मकर** – प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । |
| **कुम्भ** – विभिन्न स्रोत-साधन जुट्नेछन् । थन्किएका वस्तुको उपयोग हुनेछ । सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । | **मिन** – नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्ने योग छ । दाजुभाइमा मित्रताको बन्धनसमेत कसिनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# हेटौंडा-काठमाडौं सुरुङ मार्ग



✍राजुराम राउत




नेपालको पूर्वाधार विकासको ईतिहासले हामीलाई केही सफलता र केही असफलताको पाठ सिकाएको छ । यस्ता केही परियोजनाहरू केवल निर्माणका योजना मात्र होइनन्, ती राज्यको क्षमता, निजी क्षेत्रको विश्वसनीयता र जनताको भरोसाको परीक्षा पनि हुन् । हेटौंडा-काठमाडौं सुरुङ मार्ग त्यस्तैमध्येको एक असफल परियोजना हो । जसले आरम्भदेखि नै उच्च अपेक्षा, ठूलो प्राविधिक महत्व र व्यापक जनसहभागिता बोकेको थियो । तर आज, यो परियोजना प्राविधिक बहसभन्दा बढी विश्वास र उत्तरदायित्वको प्रश्न बनेको देखिन्छ ।

हामीले भावनात्मक नाराभन्दा बाहिर निस्केर यस परियोजनाका प्राविधिक पक्ष, लगानी संरचना, कार्यान्वयनका चुनौतीहरू र आवश्यक निर्णयबारे तथ्यगत विश्लेषण गर्नुपर्छ ।

**१.परियोजनाको प्राविधिक स्वरूप:**

निर्माण कम्पनीको प्राबिधिक अबधारणा अनुरुप सुरुङ मार्ग काठमाडौं-कुलेखानी-हेटौंडा लाई छोटो दूरीमार्फत् जोड्ने थियो । कुल लम्बाइ करिब ५८ किलोमिटर, ४ लेन सडक र उच्च स्तरीय सुरुङ करिब ४ देखि ५ किमीको विभिन्न खण्डमा रहेको थियो । करिब ८०/१०० किमी /घण्टाको स्पिडमा यात्रा गर्न सकिने मार्ग तयार हुँदा ३/४ घण्टाबाट (हालको अबस्था) घटेर १ घण्टाभित्र यात्रा तय गर्न सकिने भनिएको थियो । यो मार्गले चुरे र महाभारत क्षेत्र पार गर्ने भएकाले भू-गर्भीय चुनौतीहरू प्रमुख छन् भन्ने प्राबिधिक पक्षको दाबि रहेको थियो ।

**२. निर्माण मोडल र संस्थागत संरचना:**

यो परियोजना "जनता-निजी-जनसह- भागिता साझेदारी मोडेल" (SP Model) अन्तर्गत अघि बढाइएको थियो । BOOT मोडल (Build, Own, Operate, Transfer) अपनाउने योजना, नेपाल पूर्वाधार विकास कम्पनीको नेतृत्वमा सर- कारको नीतिगत समर्थन, सर्वसाधारणलाई शेयर धनी बनाउँदै नेपालमा पहिलो पटक "जनताको प्रत्यक्ष लगानीमा पूर्वाधार" भन्ने अवधारणा स्थापित गर्न खोजिएको थियो । तर, यही मोडल, स्पष्ट संरचना र जिम्मेवारी नहुँदा कमजोर बन्न पुग्यो ।

**३. लागत अनुमान र वित्तीय संरचना:**

प्रारम्भिक लागत अनुमान करिब ३४/३५ अर्ब नेपाली रुपैयाँ हुँदै परिमार्जित अनुमान ४० अर्बभन्दा माथि पुग्ने आकलन गरिएको थियो । सर्वसाधारणबाट शेयर संकलन, बैंक तथा वित्तीय संस्थाबाट ऋण र विदेशी लगानी नै यसको मुल वित्तीय स्रोत दाबि गरिएकोमा पर्याप्त इक्विटी संकलन हुन सकेन । विदेशी लगानीकर्तासँग सम्झौता असफल भयो ।

बैंकिङ क्षेत्रले उच्च जोखिमका कारण ठूलो ऋण दिन हिच्किचायो । फलत: परियोजनाले आर्थिक पाटो तय गर्न सकेन । जुन, कुनै पनि ठूला पूर्वाधार परियोजनाको आधारभूत शर्त हो ।

**४. कार्यान्वयनका प्रमुख चुनौतीहरू:**

१. प्राविधिक तयारीको अभाव:

बिस्त्रित प्राबिधिक योजना र ठोस भूगर्भीय अध्ययन अपूर्ण रहँदा निर्माणको ठोस आधार तयार हुन सकेन ।

२. वित्तीय अनिश्चितता:

लागत बढ्दै गयो तर स्रोत सुनिश्चित भएन । समयसँगै परियोजना महँगो बन्दै गयो ।

३. संस्थागत असमञ्जस:

निजी कम्पनी, प्रदेश सरकार र संघीय सरकारबीच स्पष्ट समन्वयको अभाव रह्यो ।

४. समय व्यवस्थापनमा असफलता:

परियोजना प्रारम्भ भएको दशक बितिसक्दा पनि ठोस प्रगति नहुनु आफैंमा व्यवस्थापनको असफलता हो ।

५. जोखिम र निराशामा लगानीकर्ता:

यस परियोजनाको सबैभन्दा संवेदनशील पक्ष जनताको लगानी थियो । हजारौं साना लगानी कर्ताले सुरुङमार्ग बन्ला भनेर शेयर खरिद गरेका थिए । शेयरको तरलता अत्यन्त न्यून रहंदा परि- योजनाको भविष्यबारे स्पष्ट जानकारीको अभाव भयो । यसले केवल आर्थिक घाटा मात्र होइन, निजी क्षेत्रप्रति विश्वासको संकट पनि सिर्जना गरेको छ ।

**६. अबको यथार्थ:**

प्राविधिकरूपमा सम्भव, व्यवस्थापकीय रूपमा अनिश्चित रहेको यो परियोजना-प्राविधिक दृष्टिले, सुरुङ मार्ग निर्माण असम्भव होइन । नेपालमा अहिले पनि ठूला सुरुङ परियोजनाहरू नागढुंगा सुरुङ, निजगढ-काठमाडौं द्रुतमार्ग, सिद्द बाबा सुरुङलगायतले सफलता प्राप्त गरिसकेका छन् । तर, हेटौंडा-काठमाडौं सुरुङ मार्गको समस्या "प्राविधिक" भन्दा बढी वित्तीय र संस्थागत हो ।

निष्कर्षमा भन्नुपर्दा लगानीकर्तालाई अब ढिलाइ होइन, निर्णय चाहिएको छ । यो परियोजना अब "अधुरो सपना" को रूपमा लम्ब्याएर राख्ने अवस्था समाप्त भइसकेको छ । अब सरोकार वालाहरू सरकार, कम्पनी र नियामक निकाय सबैले स्पष्टरूपमा निर्णय लिनुपर्छ ।

***पहिलो विकल्प:*** परियोजना कार्या- न्वयनमा वित्तीय स्रोत सुनिश्चित गर्ने । स्पष्ट समयसीमा तोक्ने । प्राविधिक अध्ययनको पुन: समीक्षा गर्ने । जिम्मेवार निकाय निर्धारण गर्ने । सरकारको प्रत्यक्ष निगरानीसहित लगानीकर्ता सर्बसाधारणसमेतको ब्यबस्थापन र अनुगमन टोली बनाउने । यदि यो सबै सम्भव छ भने, सुरुङ निर्माण तुरुन्त अगाडि बढाइनुपर्छ ।


**दोस्रो विकल्प:**

प्रमुखरुपमा आज उठेका सवालमा लगानी फिर्ता नै हो । यदि माथिका शर्तहरू पूरा गर्न सकिँदैन भने, परियोजनालाई औपचारिकरूपमा असम्भव घोषणा गर्ने । पारदर्शी लेखापरीक्षण गर्ने । जनताको लगानी सुरक्षित तरिकाले फिर्ता गर्ने । किनकि विकासको नाममा जनताको पूँजी अनिश्चिततामा राख्नु न आर्थिकरूपमा उचित छ, न त नैतिकरूपमा स्वीकार्य हुन्छ ।

हेटौंडा-काठमाडौं सुरुङ मार्ग अब केवल एउटा परियोजना होइन । यो जवाफदेहिता हुने कि नहुने भन्ने प्रश्न हो । या त निर्माण गरेर देखाउनु पर्छ । या त लगानी फिर्ता गरेर विश्वास जोगाउनु पर्छ । बीचको अनिश्चितता अब देशले धान्न सक्दैन । सरकारले पनि जतिसक्दो चाँडो सरो- कारवालासहितको गोलमेच भेला गरेर जनताको योजना वा लगानिको सुनिस्चितता नै अन्तिम बिकल्प हो । अन्यथा, बिद्रोहको ज्वाला दन्किन शुरु भैसकेको सामाजिक सञ्जाल र विभिन्न फोरमले देखाईसकेको छ । समयमै रोगको नि- राकरण गर्नु सबैको हितमा हुनेछ । यस्मा आम लगानीकर्ता सर्बसाधारणले सरकारको अग्रसरता कुरिरहेका छन् । बेलैमा जिम्मेवार नबन्ने हो र आमलगानीकर्ताको भावना नसमेटने हो भने देशले ठुलै दुर्घटना ब्यहोर्नुपर्ने देखिन्छ ।

: समाप्त :

# वातावरणीय विनाश घटाउन भूस्वरूप संरक्षण



✍के.बी. बस्नेत



साधारणत: भूस्वरूप भन्नाले कुनै पनि स्थानको विहङ्गम आकृति भन्ने बोध हुन्छ । सो जीवनको त्यो फराकिलो भूभाग हो, जुन प्राकृतिक वा सांस्कृतिक प्रक्रियाबाट विविध आकार तथा लक्षणले छुट्टिन्छ । तर, धेरै व्यक्ति यस सम्बन्धमा आजसम्म पनि अनभिज्ञ छन् । भूस्वरूपका बारेमा विभिन्न समुदायको दृष्टिकोण फरक हुन सक्छ । काष्ठ उद्योगमा संलग्न समुदाय तथा ग्रामीण जनताको दृष्टिकोणमा यसको व्यवस्थापन समान नहुन पनि सक्छ ।

साधारणतया भूस्वरूपको क्षेत्रफल एक किलोमिटर र त्यसभन्दा बढी हुन्छ । यसको संर- क्षण गर्न सकेमा जैविक विविधताको सुरक्षा तथा अन्य उद्देश्यहरूसमेत परिपूर्ति गर्न सकिन्छ । अत: यसको संरक्षण गर्दा वंशाणुगत विविधता, प्रजाति विविधता र पारिस्थितिक प्रणालीको विविधताको सुरक्षामा ध्यान दिन उचित देखिन्छ । वंशाणुगत विविधताले भूस्वरूप संरक्षणमा धेरै प्रभाव पार्छ ।

तर, यो कुरा धेरैजसो व्यक्तिलाई थाहा छैन । यो प्रत्येक देशमा फरक-फरक हुन्छ । त्यसैले यसको संरक्षणका लागि बेग्लै तरिका अपनाउनु पर्छ । प्रजाति विविधता भूस्वरूपको अभिन्न स्रोत हो । यो विभिन्न देशमा फरक देखिन्छ । तसर्थ, यसको संरक्षणका लागि पनि विभिन्न देशमा विभिन्न किसिमका तौरतरिका अपनाउन वाञ्छनीय हुन्छ । यसो गर्न सकेमा मात्र भविष्यमा भूस्वरूप संरक्षणका लागि महत्वपूर्ण भूमिका खेल्न सकिन्छ ।

नेपालमा प्रजाति विविधता उच्च छ । यहाँ विश्वको ५.१ प्रतिशत (८ सय ५३) भ्याउ-काई प्रजाति, ५.१ प्रतिशत (२८) अनावृत्तजीवी प्रजाति, ४.५ प्रतिशत (१ सय ८१.९३) पुतली तथा पुतङ्ग प्रजाति, ३.४ प्रतिशत (३ सय ८) उन्यू प्रजाति, २.७ प्रतिशत (५ हजार ८ सय ५६) सुपुस्पक प्रजाति र २.६ प्रतिशत (६ सय ८७) लेउ प्रजाति छन् । एउटा उपयोगी भूस्वरूपमा विभिन्न भूप्रयोग प्रणालीको आवश्यकता पर्छ, जसमध्ये परिस्थितिक प्रणाली पनि एक हो । वास्तवमा भूस्वरूपअन्तर्गत विभिन्न पारिस्थितिक प्रणाली हुन्छन्, जसले विभिन्न वस्तु तथा सेवा प्रदान गर्दै आएका छन् । यिनीहरूको परिणाम तथा गुणले पनि भूस्वरूपको संरक्षणमा असर पार्छ । यस धरतीमा विभिन्न किसिमका प्राकृतिक स्रोतहरू छन्, जसमध्ये भूमिलाई महत्वपूर्ण मानिन्छ । जुन सीमित प्रकृति प्रदत्त उपहार हो । मानव जातिको प्रमुख सम्पत्तिका रूपमा रहेको भूमिमा बसोबासदेखि विभिन्न व्यवसायसम्म सञ्चालन गरिन्छ, जसमध्ये खेतीपातीको विशेष महत्व छ । पृथ्वीको कुल १३ अर्ब हेक्टर भूमिमध्ये ११ प्रतिशत मात्र खेतीयोग्य छ, जसमध्ये १७ प्रतिशत मात्र सिञ्चित हुनाले खेतीपातीका लागि विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

विश्वमा विद्यमान धरातलअनुसार खेती योग्य भूमिको अधिकता, केही वनजंगल तथा झाडी, केही मरुभूमि आदि पाइन्छ । तसर्थ, भौगोलिक वास्तविकतालाई आधार मानेर भूमिको प्रयोग गर्न सके मात्र यसबाट निरन्तररूपमा फाइदा लिन सकिन्छ । तर, यसका लागि भूस्वरूपको संरक्षणको नितान्त आवश्यक छ । विश्वका विभिन्न देशहरुमा विकासको नाममा वातावरण विनाश भइरहेको छ ।

बढ्दो डोजर आतङ्क, वनजङ्गल फँडानी, डढेलो, अव्यवस्थित तरिकाले विकास निर्माण कार्य सञ्चालन, उद्योग तथा कलकारखानाबाट निस्कने धूवाँ तथा फोहर उत्सर्जन, कार्बनडाइ- अक्साइड उत्सर्जन, बढ्दो यातायातका साधन तथा रेफ्रिजेरेटरको प्रयोगले विश्वमा धूवाँ र ताप बढिरहेको छ । विश्वमा हरितगृह ग्याँस उत्स- र्जनको असर बढेकाले ओजोन तहमा प्वाल परेर तापक्रम बढेको छ । यति मात्र नभई सबैजसो देशमा जलवायु परिवर्तन भएको छ, जुन समस्या एवं चुनौतीका रूपमा रहेका छन् । आज विश्वको धेरै देशको भौतिक, सामाजिक, आर्थिक, नैतिक तथा पर्यावरणको विनाश निरन्तर रूपले भइरहेको छ । निहित स्वार्थका लागि वातावरणको सुरक्षा गर्न नसक्दा विनाश दिन-प्रतिदिन बढिरहेको छ, जसका कारण सम्पूर्ण मानव जाति र जीवित प्राणीमा नकारात्मक प्रभाव परेको छ ।

वास्तवमा प्रत्येक व्यक्तिको सुस्वास्थ्य तथा पर्यावरण संरक्षणका लागि बोटबिरुवाहरूको महत्वपूर्ण योगदान हुन्छ । एउटा वयस्क रुखबाट अक्सिजन उत्पादन मात्र पनि वार्षिक १ सय ३ लिटरसम्म हुन्छ । योबाहेक एउटा रुखले वायु- मण्डलमा वार्षिक औसत २२ के.जी. कार्बनडाइ- अक्साइड ग्याँस अवशोषण गर्छ । यसबाट नि:सन्देह प्रत्येक व्यक्तिको श्वास-प्रश्वासमा सकारात्मक प्रभाव पार्छ र दीर्घायुमा धेरै नै सघाउ पुऱ्याउँछ ।

एउटा परिपक्व रुखले ५० वर्षमा फल तथा सौन्दर्यबाहेक अक्सिजन उत्सर्जन, वायु प्रदूषण न्यूनीकरण, बाढीपहिरो न्यूनीकरण, माटोको उर्वरा शक्ति वृद्धि, जलीय चक्र प्रवाहमा सघाउलगायत पशुपन्छीहरूलाई बासस्थान प्रदान गरेबापत औसत ६ सय ७१ करोड रुपैयाँबराबरको पारि- स्थितिक सेवा प्रदान गर्छ ।

साथै, एउटा परिपक्व रुखको पारिस्थितिक सेवा काठ र दाउराको भन्दा ३ सय ४५ गुणा बढी हुने कुरा एक अनुसन्धानले पुष्टि गरेको छ । परन्तु, यो कुरा धेरै व्यक्तिलाई थाहा नहुँदा धेरैजसो देशमा रुख काट्ने काम रोकिएको छैन । यसबाट सम्पूर्ण मानव जातिमा नै नकारात्मक प्रभाव पर्छ ।

धरातलीय स्वरूप तथा हावापानीको विभिन्नताका कारण धेरै देशको पारिस्थितिक प्रणाली, बासस्थान, वनस्पति तथा प्राणी प्रजातिको विविधता फरक देखिन्छ । पारिस्थितिक प्रणालीको विविधताको सन्दर्भमा नेपालमा ऊष्ण प्रदेशीय हावापानीदेखि हिमाली क्षेत्रीय हावापानीसम्म पाइन्छ र त्यसलाई दस प्रकारको जीव जलवायु क्षेत्रमा बाँडिएको छ । यहाँ जम्मा १ सय १८ प्रकारका पारिस्थितिक प्रणाली, ७५ किसिमको वनस्पति क्षेत्र र ३५ प्रकारको वनजंगलको पहिचान गरिएको छ । जसको संरक्षण गर्न सकिएमा भविष्यमा धेरै फाइदा प्राप्त गर्न सकिन्छ ।

नेपालको कुल क्षेत्रफलको १५ प्रतिशत हिमाली प्रदेश, ६८ प्रतिशत पहाडी प्रदेश र १७ प्रतिशत तराई प्रदेशले ओगटेको छ । यसैगरी, भूउपयोगका दृष्टिकोणले वनजंगल २९ प्रतिशत, झाडीबुट्यान १०.६ प्रतिशत, घाँसे मैदान १२ प्रतिशत, खेती गरिएको जग्गा ७ प्रतिशत र अन्य जग्गा १७.८ प्रतिशत छ, जसको संरक्षणका लागि सदुपयोगको आवश्यकता छ ।

साधारणतया मानव, पशुपन्छी, खोलानाला, प्राकृतिक सम्पदा र जलवायुको संयोजनबाट वातावरणको सिर्जना हुन्छ । जुन सन्तुलन वा असन्तुलन गर्ने काम मानवबाट हुन्छ । मूलत: समृद्ध जीवनयापनका लागि आर्थिक तथा भौतिक विकास गर्नुपर्छ । जुन मानवीय विकासको शाश्वत नियम हो । परन्तु, हाल विश्वका धेरैजसो देशमा भइरहेको सहरीकरण, उद्योगहरूको स्थापना र विज्ञानको चमत्कारका कारण यहाँको प्राकृतिक वातावरण दिनदिनै प्रदूषित भइरहेको छ । परि- णामस्वरूप, अथाह प्राकृतिक सम्पदा भएका विकसित मुलुकहरूमा वातावरणीय विनाश तीव्र रूपले हुन थालेको छ भने विकासशील तथा अतिकम विकसित राष्ट्रहरूमा उक्त सम्पदाहरूको सही परिचालन नभई विनाश भइरहेको छ ।

आज विश्वभर विकास कार्यहरू सञ्चालन भइरहेका छन् । यसकै आधारमा यी देशहरूलाई विकसित, विकासशील र अविकसित मानिन्छ । यी देशहरूमा विकासको क्रममा बाटोघाटो निर्माणका लागि डोजरको प्रयोग, वनजङ्गल फँडानी आदि कामहरू अव्यवस्थित रूपमा भइरहेका छन् । यी देशहरूमा अवस्थित विभिन्न उद्योग तथा कलकार खानाहरूबाट धूवाँ, कार्बनडाइअक्साइड र कार्बन- मोनोअक्साइडजस्ता विषालु ग्याँस तीव्ररूपले निस्किरहेका छन् ।

साथै, यी देशहरूमा विद्युत, डिजेल र पेट्रोलबाट चल्ने यातायातका साधनहरूको बढ्दो प्रयोगबाट धूवाँ र ताप तीव्ररूपले उत्सर्जन भइ- रहेको छ । यति मात्र नभई यी देशहरूमा एकातर्फ हरित उत्सर्जनको नकारात्मक प्रभाव बढिरहेको छ भने अर्कातर्फ ओजोन तहमा प्वाल परी सूर्यको परावैजनी किरण प्रवेश गर्नाले वातावरण विनाश भइरहेको छ । आज वातावरणीय विनाश विश्वकै लागि ठूलो चुनौतीको रूपमा देखा परेको छ । यस्तो विनाशको न्यूनीकरणका लागि भूस्वरूप संरक्षणले महत्वपूर्ण भूमिका खेल्छ ।

मानव जातिको अस्तित्वका लागि भूस्वरूपको नितान्त आवश्यकता छ । तर, वर्तमान परिवेशमा विभिन्न मानवीय आवश्यकता परिपूर्ति गर्न भूस्वरूपको कस्ता लक्षण हुनुपर्छ, यसबाट पशुपन्छीलाई कस्ता तत्वको आवश्यकता पर्छ, सोको अध्ययन-अनुसन्धान गरी व्यवहारमा उतार्न आवश्यक छ । यसो गर्न सकेमा भूस्वरूपको संरक्षणमा टेवा पुग्नेछ र सम्पूर्ण मानव जातिको कल्याण हुने कुरामा दुईमत नहोला ।

: समाप्त :

# खाना र स्वास्थ्य संरक्षणको महत्व



उपभोक्ताहरू सतर्क भएर–लेबल जाँच गर्ने, विश्वासिलो स्रोतबाट किन्ने, सरसफाइ कायम गर्ने, र सुरक्षित पकाउने तथा भण्डारण गर्ने अभ्यास अपनाएर–खाद्य सुरक्षालाई सुनिश्चित गर्न सक्छन्।

- डा. डिल्लीराम सेडाई

पशु चिकित्सकहरू खाना र स्वास्थ्यका संरक्षक हुन् भन्ने विचार पशु चिकित्सकहरूले खेल्ने फराकिलो भूमिकाबाट आएको हो। उनीहरूले केवल घरपालुवा जनावरको उपचार मात्र गर्दैनन्, बरु सार्वजनिक स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणीय प्रणालीको पनि संरक्षण गर्छन् । यो विचार One Health अवधारणा संग सम्बन्धित छ, जसले मानव, जनावर र वातावरणको स्वास्थ्य एक–अर्कासंग जोडिएको हुन्छ भन्ने मान्यता दिन्छ ।

पशु चिकित्सकहरू संरक्षकका रूपमा कसरी काम गर्छन् ?

१. जनावरको स्वास्थ्य सुनिश्चित गर्ने । स्वस्थ जनावरले सुरक्षित खाना उत्पादन गर्छ । पशु चिकित्सकहरूले Foot–and–mouth disease र Avian influenza जस्ता रोगहरू लाई खोप, निगरानी र जैव सुरक्षा मार्फत् नियन्त्रण गर्छन् । यसले खाद्य श्रृंखलामा रोगजन्य जीव प्रवेश गर्ने जोखिम घटाउंछ । पशु चिकित्सक हरूले खाद्यका लागि पालिने जनावरहरू (जस्तैः कुखुरा र माछा) स्वस्थ र रोगमुक्त छन् भन्ने सुनिश्चित गर्छन्।

उनीहरू :

👍रोगको प्रकोपको निगरानी र नियन्त्रण गर्छन् (जस्तै Foot–and–mouth disease)

👍जनावरमा औषधिको सुरक्षित प्रयोगको निगरानी गर्छन्

👍मासु, दूध र अण्डाको सुरक्षा जांच गर्छन्। यसले दूषित वा असुरक्षित खाना मानिससम्म पुग्नबाट रोक्छ ।

२.जनावरबाट मानिसमा सर्ने रोगहरूको रोकथाम :

धेरै खाद्यजन्य रोगहरू जनावरबाट उत्पन्न हुन्छन्, जस्तै Rabies वा Avian influenza. Salmonellosis/Brucellosis आदी । पशु चिकित्सकहरूले यस्ता रोगहरूको नियन्त्रण गरेर सार्वजनिक स्वास्थ्यको रक्षा गर्छन्।

पशु चिकित्सकहरू:

👍जनावरलाई खोप लगाउंछन्

👍रोगको प्रारम्भिक संकेत पत्ता लगाउंछन्

👍मानिसमा असर पार्नुअघि नै फैलावट नियन्त्रण गर्न सहयोग गर्छन्

३ मासु निरीक्षण र सरसफाइ :

पशु चिकित्सकहरूले वध गर्नु अघि र पछि (ante–mortem र post–mortem) निरीक्षण गर्छन्।

👍रोग, संक्रमण वा असामान्यता जांच गर्छन् ।

👍असुरक्षित मासु हटाउंछन् । यसले उपभोक्तासम्म सुरक्षित खाना मात्र पुग्ने सुनिश्चित गर्छ ।

४. औषधिको प्रयोग नियन्त्रण :

उनीहरूले एन्टिबायोटिक लगायतका औषधिको प्रयोगलाई नियमन गर्छन् ताकि खाद्यमा हानिकारक अवशेष नहोस् । यसले Antimicrobial Resistance जस्तो विश्व व्यापी समस्या कम गर्न मद्दत गर्दछ ।

५. खाद्य प्रशोधन र गुणस्तर नियन्त्रण

दुग्ध उद्योग, वधशाला र खाद्य प्रशोधन केन्द्रहरूमा सरसफाइको निगरानी गर्छन् । उनीहरूले Hazard Analysis and Critical Control Points (HACCP) जस्ता मापदण्डहरू पालना गराउंछन् ।

६. सार्वजनिक स्वास्थ्यको संरक्षण

पशु चिकित्सकहरू सरकार र संस्था–हरूसंग मिलेर:

👍नयाँ देखा पर्ने रोगहरूको निगरानी गर्छन् ।

👍खाद्य सरसफाइ र सुरक्षासम्बन्धी नीतिमा सल्लाह दिन्छन् ।

👍महामारी नियन्त्रणका प्रयासहरूमा सहयोग गर्छन् ।

७. पशु कल्याण सुनिश्चित गर्ने :

स्वस्थ र राम्रो हेरचाह गरिएका जनावरहरूले रोग बोक्ने सम्भावना कम हुन्छ ।

पशु चिकित्सकहरूले:

👍उचित पोषण र आवास प्रवर्द्धन गर्छन् ।

👍मानवीय व्यवहार सुनिश्चित गर्छन्

👍नैतिक कृषि अभ्यासलाई प्रोत्साहन गर्छन् ।

८. वातावरणीय स्वास्थ्यलाई समर्थन गर्ने :

जनावरको स्वास्थ्य वातावरणीय प्रणालीसंग जोडिएको हुन्छ।

पशु चिकित्सकहरूले:

👍वन्यजन्तुका रोगहरू व्यवस्थापन गर्छन् ।

👍वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग गर्छन् ।

👍दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्छन् ।

९. शिक्षा र सचेतना :

उनीहरूले किसान, खाद्य व्यवसायी र जनतालाई :

👍सुरक्षित पशुपालन

👍सरसफाइ

👍खाद्य व्यवस्थापन बारे जानकारी दिन्छन् ।

१०. भण्डारण र वितरण (Storage and Distribution)

👍 उनीहरूले उचित भण्डारण अवस्थाहरू (जस्तै तापक्रम र सर–सफाइ) को निगरानी गर्छन् ।

👍खाद्य पदार्थ बिग्रिन वा दूषित हुन नदिन सुरक्षित ढुवानी र सम्हाल्ने प्रक्रिया सुनिश्चित गर्छन् ।

👍आवश्यक परेमा खाद्य पदार्थ ट्र्याक गर्न र फिर्ता लिन सकिने गरी ट्रेस–बिलिटी प्रणालीलाई समर्थन गर्छन् ।

उपभोक्ताहरूले कसरी सुनिश्चित गर्न सक्छन् कि खाना हानिकारक संरक्षक पदार्थबाट मुक्त र सूक्ष्म जीविक रूपमा सुरक्षित छ ।

उपभोक्ताहरूले आफूले खाने खाना सुरक्षित र गुणस्तरीय छ भन्ने सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यद्यपि नियामक निकायहरू र पशु चिकित्सकहरूले खाद्य सुरक्षा निगरानी गर्छन्, उपभोक्ताहरूले पनि खरिद र घरायसी तहमा जिम्मेवारी लिनुपर्छ ।

१. खाद्य लेबल ध्यानपूर्वक पढ्ने :

👍खाद्य लेबलमा सामग्री, additives (थप पदार्थ) र preservatives (संरक्षक पदार्थ) सम्बन्धि जानकारी हुन्छ ।

👍स्वीकृत संरक्षक भएको खाना रोज्ने ,

👍म्याद (expiry date) जांच गर्ने

Codex Alimentarius Comm– ission का मापदण्ड पालना गरेका प्रमाणित उत्पादन छनोट गर्ने ।

२. विश्वसनीय र सफा स्रोतबाट खरिद गर्ने

👍मासु, दूध र छिट्टै बिग्रिने खाद्य पदार्थहरू विश्वासिलो विक्रेताबाट मात्रै किन्नुपर्छ ।

👍सफा प्याकेजिङ

👍उचित भण्डारण

👍ताजापनका संकेतहरू

यसका लागि यी गुणस्तर का महत्वपूर्ण सूचकहरु हुन् ।

३. घरमा सरसफाइ कायम गर्ने ।

👍सूक्ष्मजीवजन्य संक्रमण रोक्न:

👍हात, भाँडा र भान्साको सतह सफा राख्ने ।

👍कांचो र पकाएको खाना छुट्टाछुट्टै राख्ने।

👍 यसले Salmonellosis जस्ता रोगबाट बचाउंछ ।

४. सही पकाउने र भण्डारण गर्ने तरिका अपनाउने :

👍खाना राम्ररी पकाउने (हानिकारक सूक्ष्मजीव नष्ट गर्न)

👍छिट्टै बिग्रिने खाद्य पदार्थलाई फ्रिज वा चिस्यानमा राख्ने ।

👍यसले सूक्ष्मजीवको वृद्धि रोक्छ ।

५. खाद्य सुरक्षा प्रणालीबारे जानका–री राख्ने :

👍 Hazard Analysis and Critical Control Points (HACCP) जस्ता प्रणालीले खाद्य उत्पादनमा जोखिम नियन्त्रण गर्छन् ।

यसको ज्ञानले उपभोक्तालाई सही निर्णय लिन मद्दत गर्छ ।

६.खाद्य सचेतना र सूचना पछ्याउने

👍खाद्य फिर्ता (चभअर्बी) सूचना

👍सुरक्षा चेतावनी

👍सार्वजनिक स्वास्थ्य सल्लाहले सुरक्षित छनोट गर्न सहयोग गर्छ ।

निष्कर्ष :

उपभोक्ताहरू सतर्क भएर–लेबल जाँच गर्ने, विश्वासिलो स्रोतबाट किन्ने, सरसफाइ कायम गर्ने, र सुरक्षित पकाउने तथा भण्डारण गर्ने अभ्यास अपनाएर–खाद्य सुरक्षालाई सुनिश्चित गर्न सक्छन् ।

सूक्ष्मजीवजन्य खानाको सुनिश्चितता गर्छ ।

# कृषिक्षेत्रमा मागियो तत्काल सुधार



काठमाडौं/सांसद्हरुले मुलुकको कृषिक्षेत्रमा विद्यमान नीतिगत् जटिलता अन्त्य गर्दै आधुनिक र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिएका छन्। बिहीबार बसेको प्रतिनिधिसभा अन्तर्गत् कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा विभिन्न दलका सांसद्हरुले दशकौं पुराना ऐन–कानुनका कारण कृषिक्षेत्र अपेक्षितरुपमा फष्टाउन नसकेको भन्दै तत्काल सुधारको माग गरेका हुन्।

सांसद्हरुले युवा पलायन रोक्न, किसानलाई प्रत्यक्ष अनुदान पुऱ्याउन, बिचौलिया प्रथा अन्त्य गर्न र कृषि अनुसन्धान परिषद् (नार्क) लाई स्वायत्त एवम् सुदृढ बनाउन सरकारको ध्यानाकर्षण गराएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद् ताहिर अलि भाटले कृषिक्षेत्रमा रोजगारीका अवसर सिर्जना गरी युवा पलायन रोक्नुपर्नेमा जोड दिए । सांसद् भाटले स्वदेशमै कृषि कर्ममार्फत् मासिक ३० देखि ५० हजार सम्म आर्जन गर्न सकिने सम्भावना रहेको उल्लेख गर्दै सामान्य आम्दानीका लागि युवा विदेशिनु नपर्ने वातावरण बनाउनुपर्ने बताए। सांसद् भाटले फलफुल खेती, धानखेती, पशुपालन, माछापालन र अलैंची खेती जस्ता क्षेत्रलाई व्यवस्थित र व्यावसायिक बनाउन सके युवाहरुलाई स्वदेशमै आकर्षण गर्न सकिने बताए।

कृषिक्षेत्रको विकासमा विद्यमान ऐन र कानुनहरु बाधक देखिएको उल्लेख गर्दै उनले बदलिँदो परिस्थितिअनुसार कानुनी सुधार गर्नुपर्ने आवश्यकता औंल्याए । अनुसन्धान र कार्यान्वयनको तहमा रहेका कमजोरीहरुलाई सुधार्दै कृषिक्षेत्रलाई सबलीकरण गर्न संसदीय समितिले स्पष्ट कार्यदिशा दिनुपर्नेमा उनको जोड छ । उनले भने–यदि हामीले कृषिक्षेत्रलाई उचित प्राथमिकता दिएर आधुनिकढंगले अगाडि बढाउन सक्यौं भने ३० देखि ५० हजारका लागि कुनै पनि नेपाली युवाले विदेश जानुपर्दैन । नेपालका किसानहरु बलियो भएमात्र देश स्वतः बलियो हुन्छ । त्यसैले किसानका समस्या पहिचान गरी आवश्यक ऐनकानुन निर्माणमा हामीले ढिलाइ गर्नु हुँदैन ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद् प्रेमबहादुर बयकले देशको कृषिक्षेत्रमा ठोस योजना अभाव र नीतिगत् अस्पष्टताका कारण किसानहरु समस्यामा परेको बताए। सांसद् बयकले कृषिप्रधान देश भनिए पनि सोहीअनुरुप व्यवहार र लगानी हुन नसकेको टिप्पणी गरे। बैठकमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को प्रतिवेदनमाथि आफ्नो धारणा राख्दै सांसद् बयकले कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वको कमजोरीका कारण तल्लो तहका किसान र दक्ष वैज्ञानिकसमेत पलायन हुनुपर्ने अवस्था सिर्जना भएको बताए। उनले विनियोजित बजेट खर्च हुन नसक्नु र किसानले समयमा मल, वीउ तथा तालिम नपाउनुले राज्यको प्राथमिकतामा कृषिक्षेत्र नपरेको पुष्टि हुने उल्लेख गरे ।

सांसद् बयकले २०४८ को पुरानो ऐनमा टेकेर सामान्य सुधार मात्र गर्दा वर्तमान समयको आवश्यकता र विकासलाई धान्न नसकिने तर्क गरे । कृषिशिक्षालाई केवल सैद्धान्तिकमात्र नबनाइ प्रयोगात्मकढंगले अगाडि बढाउनु पर्नेमा उनले जोड दिए । नेपालको हिमाल, पहाड र तराईको फरक–फरक भौगोलिक वातावरण र माटोको प्रकृतिअनुसार बाली पहिचान गरी उत्पादन बढाउनुपर्ने उनको सुझाव छ । कृषिक्षेत्रमा देखिएको बिचौलियाको प्रभावप्रति आपत्ति जनाउँदै सांसद् बयकले सरकारी अनुदान वास्तविक किसानसम्म पुग्न नसकेको दाबी गरे। उनले कृषिक्षेत्रको प्रवर्द्धनका लागि कडा अनुगमन र नियमनको आवश्यकता औंल्याउँदै बिचौलिया प्रथा अन्त्य गर्नुपर्ने माग गरे ।

सांसद् बयकले आगामी दिनमा निश्चित योजनासहित पाइलट प्रोग्राम सञ्चालन गर्न र नीतिगत् बाधा हटाउन आफूहरु तयार रहेको प्रतिवद्धतासमेत व्यक्त गरे । उनले किसानलाई प्रत्यक्ष लाभ हुने गरी प्रविधि विस्तार र व्यावसायिकतामा जोड दिन सरकारको ध्यानाकर्षण गराए। उनले भने–हामी पुरानो ऐनमा अल्झिएर हालको आवश्यकता पूरा गर्न सक्दैनौं । माटोको पहिचान र त्यसको उपयोगका लागि नयाँ नीति र आधुनिक प्रविधि विकास अनिवार्य छ । बिचौलियाका कारण केरा र तरकारी खेती गर्ने किसान प्रत्यक्ष मारमा छन् । उनीहरुले पाउनुपर्ने अनुदान र सहुलियत बीचमा हराउने गरेको छ ।

नेकपा (एमाले) का सांसद् लक्ष्मीप्रसाद पोखरेलले तीन दशक पुरानो कृषिऐन तत्काल संशोधन गरी कृषिक्षेत्रको विकासमा लाग्न सरकारको ध्यानाकर्षण गराए। सांसद् पोख–रेलले २०४८ को कृषिऐन पुरानो भइसकेकाले यसलाई समयानुकूल परिमार्जन गर्न ढिलो भइसकेको बताए । उनले राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई थप सुदृढ र विकसित बनाउन ऐन संशोधन अनिवार्य रहेको उल्लेख गरे। कृषिक्षेत्रमा न्यून लगानी भएकोप्रति असन्तुष्टि व्यक्त गरेका सांसद् पोखरेलले मुलुकबाट कृषि वैज्ञानिकहरु पलायन भइरहेको विषयमा चिन्ता व्यक्त गर्दै उनीहरुलाई स्वदेशमै रोक्न सरकारले विशेष योजना ल्याउनुपर्नेमा जोड दिए।

उनले वैज्ञानिकहरुका लागि योगदानमा आधारित प्रोत्साहनका कार्यक्रमलाई समयानुकूल बनाउनुपर्ने सुझावसमेत दिए। गाउँस्तरमै कृषि मल उत्पादनमा जोड दिने, किसानलाई १ प्रतिशत् वा सोभन्दा कम ब्याजदरमा बिनाधितो सहजरुपमा कृषि ऋण उपलब्ध गराउने, गाउँ–गाउँमा कृषि प्राविधिकहरुको उपस्थिति सुनिश्चित गर्ने, स्थानीय तहसम्म कृषि कार्यालय स्थापना गर्न कानुनी सुधार र कार्ययोजनामा परिवर्तन आवश्यक रहेको बताउँदै सांसद् पोखरेलले यस विषयमा वैज्ञानिक र सरोकारवालाबीच गहन छलफल हुनुपर्ने धारणा राखे। उनले भने–यस क्षेत्रमा मात्र ०.१८ प्रतिशत् लगानी हुनु उदेकलाग्दो विषय हो । सरकारले कृषिक्षेत्रमा लगानी वृद्धि गर्नैपर्छ । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद् सुजाता तामाङले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) लाई पूर्ण स्वायत्त बनाइ पुनर्संरचना गर्नुपर्ने आवश्यकता रहेको बताइन् । नार्कको वर्तमान कार्यशैली र प्रशासनिक झमेलाले कृषि अनुसन्धानको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको धारणा राखिन्।

उनले नार्कलाई प्रशासनिक अवरोधबाट मुक्त गराउन ऐन संशोधन वा ठोस पुनर्संरचनाको विकल्प नरहेको स्पष्ट पारिन्। सांसद् तामाङले कृषि अनुसन्धानलाई लिनियर ढाँचाबाट बाहिर निकालेर दोहोरो सिकाइ प्रक्रियामा लैजानुपर्नेमा जोड दिइन् ।

नार्कको स्वायत्ततामाथि प्रश्न उठाउँदै उनले संस्थाले प्रशासनिक कठिनाइ र विभिन्न तहका अवरोधहरु झेल्नुपरिरहेको बताइन् । कृषिक्षेत्रमा र विशेषगरि अनुसन्धानको पाटोमा न्यून लगानी हुनु चिन्ताको विषय रहेको भन्दै उनले राजनीतिक हस्तक्षेप अन्त्य गरी लगानी वृद्धि गर्नुपर्नेमा जोड दिइन्। उनले भनिन्–विश्वविद्यालयहरुमा हुने प्राज्ञिक अनुसन्धान र किसानले आफ्नै खेतबारिमा गर्ने व्यवहारिक अभ्यासलाई एकापसमा जोड्नुपर्छ । विज्ञहरुले किसानको अनुभवबाट सिक्ने र आफ्ना प्रविधिलाई स्थानीयस्तरमा अनुकूलन गरी किसानसम्म पुऱ्याउने दोहोरो सम्बन्ध स्थापित हुनुपर्छ ।

विज्ञहरु र विभिन्न समयमा गठन भएका समितिहरुले दिएका पुनर्संरचनाका सुझावहरु अध्ययन गरी कार्यान्वयनमा लैजानुपर्ने उनको भनाइ छ ।

संस्थागत् सुधार र बाधा/व्यवधानहरु हटेपछि पनि नार्कले परिणाममुखी काम गर्न नसकेमा मात्र प्रश्न गर्ने ठाउँ रहने भन्दै उनले हाललाई भने संस्थालाई बलियो बनाउनु नै प्राथमिक आवश्यकता रहेको उल्लेख गरिन्।

बैठकले कृषिक्षेत्रका नीतिगत् र कानुनी जटिलता समाधान गरी किसानमैत्री वातावरण निर्माणका लागि सरकारलाई आवश्यक निर्देशन दिने र सरोकारवालाहरुसँग थप छलफल गर्ने निष्कर्ष निकालेको छ ।

# निर्माण व्यवसायीले रोके काम







धादिङ/मध्यपूर्वको युद्ध सुरु भएपछि पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धिले गर्दा निर्माण सामग्रीको मूल्य अत्याधिक बढेपछि निर्माण व्यवसायी सानाठूला सबै ठेक्काका काम रोकेर आन्दोलनमा उत्रिएका छन् ।

९५ किलोमिटर नागढुंगा–मुगलिन सडकको तीन खण्डमा भइ–रहेको सडक विस्तार तथा स्तरोन्नतिको काम रोकिएको तीन हप्ता भयो । निर्माण व्यवसायीले बजारमा सहज उपलब्ध हुनुपर्ने तेल, बिटुमिन तथा अन्य सामग्री चरम अभाव र मूल्यवृद्धिले सीमा नाघेपछि काम रोकिएको जनाएका छन्।

सडक विस्तारका लागि दैनिक २५ हजार लिटर इन्धन आवश्यक पर्ने भए पनि व्यवसायीले इन्धनमा कोटा प्रणाली लगाएर ३ देखि ६ हजार लिटरमात्र उपलब्ध गराउँदा मेसिनरी सञ्चालन गर्न समस्या छ। बिटुमिनमा ७८ प्रतिशत्, डिजेलमा ६९ प्रतिशत्, डन्डीमा २५ प्रतिशत् र सिमेन्टमा १७ प्रतिशत् मूल्यवृद्धि भएकोले धान्नै नसकिने अवस्थामा पुगेको निर्माण व्यवसायी–को भनाइ छ ।

पश्चिम खण्डअन्तर्गत् मलेखुदेखि मुग्लिनसम्मको ३८.८६ किलोमिटर खण्डको प्रगति ४३.९६ प्रतिशत्मात्र छ । ४ अर्ब ८० करोड ५९ लाखमा उक्त खण्ड ठेक्कामा लिइएको हो । पूर्वी खण्डअन्तर्गत् दोस्रो खण्ड नौबीसेदेखि मलेखुसम्मको ४३.५४ किलोमिटर लामो खण्ड विस्तारको कुल लागत ५ अर्ब ३३ करोड १९ लाख छ । भौतिक प्रगति जम्मा ५७ दशमलव १ प्रतिशत् हाराहारीमा छ । सामग्री अभाव, मूल्यवृद्धि र वर्षा लागेकाले काम गर्न नसकिने अवस्थामा निर्माण व्यवसायी पुगेको भनेर सरकारले मूल्य समायोजनलगायत विषयमा सहजीकरण गरिदिनुपर्ने माग आएको नागढुंगा–मुग्लिङ सडक आयोजना पूर्वी खण्डका इञ्जिनियर केशबप्रसाद ओझाले जानकारी दिए। राजधानी काठमाडौंको लाइफलाइन मानिएको पृथ्वी राजमार्गको नौबीसे–मुग्लिङ खण्डमा दैनिक १ हजार २ देखि १ हजार ५ हजार सवारीसाधन आवतजावत गर्छन् ।

निर्माण सामग्रीको मूल्य वृद्धि र सामग्री अभाव भएकोले मूल्य समायोजनको माग गर्दै निर्माण व्यवसायी संघ धादिङले प्रमुख जिल्ला अधिकारीमार्फत् नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउँदै सबै किसिमको निर्माणको काम ठप्प पार्ने चेतावनी दिएको छ। धादिङका निमित्त प्रमुख जिल्ला अधिकारी ओम भट्टराईलाई महासंघ जिल्ला अध्यक्ष राजेन्द्र अधिकारीले बुझाएको ज्ञापनपत्रमा डिजेल, बिटुमिन, ढुवानी तथा श्रमिक लागतमा अस्वभाविक वृद्धि हुँदा देशभरका निर्माण कार्य प्रभावित भएको उल्लेख गरिएको छ । महासंघका अनुसार मध्यपूर्वमा युद्ध सुरु हुनुअघि प्रतिलिटर १ सय ३९ रहेको डिजेलको मूल्य हाल २ सय २५ पुगेको छ भने बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट बढेर १ सय ५५ पुगेको ज्ञापनपत्रमा उल्लेख छ ।

महासंघले मूल्यवृद्धिका कारण निर्माण व्यवसायीहरुले हालसम्म करिब १० अर्ब बराबर नोक्सानी व्यहोरेको दाबी गरेको छ । पुरानै दररेट र इस्टिमेटमा निर्माण कार्य गर्न नसकिने अवस्था सिर्जना भएकाले उद्योग नै धरासयी हुने जोखिम बढेको महासंघ जिल्ला महासचिव धर्म लोहीले बताए। निर्माण व्यवसायीहरुले समयमै मूल्य समायोजनको निर्णय नगरिए देशभर सञ्चालित आयोजनाका निर्माण कार्य स्वतः बन्द हुने चेतावनी दिँदै व्यवसायीहरुलाई कालोसूचीमा राख्ने, बैंक ग्यारेन्टी जफत गर्ने जस्ता कार्य नगर्न सरकारसँग आग्रह गरेका छन्। म्याद थप, बजेट व्यवस्थापन तथा बैंक ग्यारेन्टी र वीमासम्बन्धि सहजीकरण गर्न माग गरेको छ ।

# दुःख पाएपछि थालको आवाज



काठमाडौं/माइतीघर मण्डलामा 'बालेन तेरो पाराले, दुःख पायो साराले' भन्दै थाल ठटाउँदै सुकुम्बासीले प्रदर्शन गरेका छन् । तर, सरकारले वास्तविक सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण नगरेसम्म अस्थायी व्यवस्थापनका लागि मासिक १५ हजार घरभाडा उपलब्ध गराउने तयारी गरेको छ।

प्रतिनिधिसभाअन्तर्गत् राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बिहीबार सरकारी प्रतिनिधिहरुले यस्तो जानकारी गराएका हुन्। समिति सभापति हरि ढकालका अनुसार शहरी विकास मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री एवम् पदाधिकारीहरुले सुकुम्बासी व्यवस्थापनको हालसम्मको प्रगति विवरण पेस गर्दै उक्त योजनाबारे जानकारी दिए। हाल काठमाडौंका विभिन्न होल्डिङ सेन्टरमा रहेका भूमिहीनहरुको पहिचानका लागि स्क्रिनिङ भइरहेको र उक्त प्रक्रिया सकिएलगत्तै फास्टट्र्याकबाट लालपुर्जा वितरण गरिने सरकारी लक्ष्य छ ।

शहरी विकास मन्त्रालयले यस प्रयोजनका लागि आवश्यक स्रोतको सुनिश्चितता भइसकेको समितिलाई जानकारी गराएको छ । होल्डिङ सेन्टरमा रहेका सुकुम्बासी परिवारका बालबालिकाको शिक्षाका लागि विद्यालय बसको व्यवस्था गरिएको र सुत्केरीको पोषणका लागि उचित प्रवन्ध मिलाइएको सरकारी पक्षको दाबी छ । 'काठमाडौंको सन्दर्भमा होल्डिङ सेन्टरमा रहेका भूमिहीनहरुको स्क्रिनिङ भइरहेको छ,' ढकालले भने–उहाँहरुले लालपुर्जा नपाउञ्जेल सम्मका लागि मासिक १५ हजार रुपियाँ घरभाडा दिने सरकारको तयारी छ र यसका लागि स्रोत सुनिश्चित भइसकेको जानकारी प्राप्त भएको छ। सरकारले प्रस्तुत गरेको विवरण र कार्यप्रगतिको वस्तुस्थितिको यथार्थ बुझ्न संसदीय समितिले स्थलगत् अनुगमन गर्ने निर्णयसमेत गरेको छ ।

## आधिकारीक .....

बेलैमा सचेत हुनुपर्ने बताए। कुनैपनि सूचना आधिकारिक होकी होइन भनेर पहिले बुझ्नुपर्ने बताए ।

कार्यक्रम नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका उपाध्यक्ष तथा जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाईले फेक आईडीको पहिचान र सत्य सूचनाको बारेमा सहजीकरण गरेका थिए । कार्यक्रममा कलेजका प्राध्यापकहरु अनुराग अधिकारी, समिर तिमल्सीना लगायतकाको आतिथ्यता थियो ।

वक्ताहरूले फेक आइडी छुट्याउने केही आधारहरू पनि प्रस्तुत गरे। सामाजिक सञ्जाल प्लेटफर्ममा रहेको “ब्लु टिक” वा भेरिफिकेसन चिन्ह हेर्ने, प्रोफाइलको नाम र फोटो ध्यानपूर्वक अध्ययन गर्ने, पोस्टको भाषा र शैलीमा निरन्तरता छ कि छैन जांच गर्ने तथा फलोअर संख्या र गतिविधि हेर्ने उपायबारे जानका–री गराईएको थियो ।

उनीहरूका अनुसार आधिकारिक व्यक्तिहरूले सामान्यतया आफ्नै भाषा र शैलीमा निरन्तर सामग्री पोस्ट गर्ने गर्छन्। यदि कुनै खाताबाट अचानक उत्तेजक, घृणात्मक, अश्लील वा अस्वाभाविक सामग्री पोस्ट हुन थाल्यो भने त्यसलाई शंकाको दृष्टिले हेर्नुपर्ने सुझाव दिइयो ।

## सङ्घीय मन्त्रालय १८ मात्र

काठमाडौं/सरकारले प्रशासनिक सुधार र मितव्ययिता कायम गर्ने, अनावश्यक चालु खर्च कटौती गर्ने तथा कार्यसम्पादनलाई थप प्रभावकारी र छरितो बनाउने मुख्य उद्देश्यसहित संघीय मन्त्रालयको संख्या २२ बाट घटाएर १८ पुऱ्याउने निर्णय गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले 'नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३' स्वीकृत गर्दै मन्त्रालयको संख्या घटाउने निर्णय गरेको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारले अर्थ, गृह, परराष्ट्र, रक्षा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई यथावत् राखेको छ। त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि यथावत् छन् ।


सरकारले प्रविधि र आविष्कारलाई प्राथमिकता दिँदै साबिकको शिक्षा मन्त्रालयबाट विज्ञान–प्रविधि झिकेर र नयाँ थप गरिएको नवप्रवर्तन सम्बन्धि कार्य हेर्ने गरी छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरेको छ ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको dbbf kfpgxg . स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*दुई मिनेट*

# उपकुलपतिमा बज्राचार्य

सन्देश संवाददाता

काठमाडौं/त्रिभुवन विश्वविद्यालयको निमित्त उपकुलपतिको जिम्मेवारी इञ्जिनियरिङ अध्ययन संस्थानका डीन प्राडा सुशीलबहादुर बज्राचार्यलाई दिइएको छ । अध्यादेशमार्फत् विश्वविद्यालयका पदाधिकारी पदमुक्त भएपछि प्रधानमन्त्री एवम् कुलपतिले उनलाई जिम्मेवारी दिएका हुन् । यसअघि उपकुलपति प्राडा दीपक अर्यालसहित शिक्षाध्यक्ष र रजिष्ट्रारले राजीनामा दिएका थिए । नयाँ उपकुलपति नियुक्तिका लागि सिफारिस समितिले आवेदन माग गरिसकेको छ ।

### पर्वतीय उद्धारमा तालिम शिक्षालय

मनाङ/गृहसचिव राजकुमार श्रेष्ठले मनाङ जिल्लाको डिस्याङ गाउँपालिका-४, हुम्डेमा अवस्थित ३,४२० मिटर उचाईंमा रहेको सशस्त्र प्रहरी बल नेपालको पर्वतीय उद्धार तालिम शिक्षालय उद्घाटन तथा उच्च भुभाग खोज तथा उद्धार तालिम समापन गरेका छन् । सशस्त्र प्रहरी बल नेपालले सञ्चालन गरेको तालिम समापन गरिएको हो ।

कार्यक्रममा गृहसचिव श्रेष्ठले विपद् उद्धारमा खटिने सशस्त्र प्रहरी कर्मचारीको साहस, समर्पण र व्यावसायिक दक्षताको प्रशंसा गर्दै उच्च हिमाली क्षेत्रमा हुने जोखिमपूर्ण उद्धार कार्यले विपद् व्यवस्थापनसँगै पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने बताए । उनले सीमित स्रोतसाधनका बाबजुद् पनि सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै मन्त्रालय सधैं आवश्यक दक्ष जनशक्ति तथा स्रोतसाधन उपलब्ध गराउन प्रतिबद्ध रहेको बताए ।

### व्यावसायिक जहाजमा क्षेप्यास्त्र

नयाँदिल्ली/ओमानको तटनजिक भारतीय झण्डा बोकेको एउटा व्यावसायिक जहाजमा क्षेप्यास्त्र आक्रमण भएको छ । घटनापछि भारतले कडा असन्तुष्टि जनाउँदै अन्तर्राष्ट्रिय समुद्री सुरक्षा र व्यापार माथि गरिएको यस्तो आक्रमण पूर्णरुपमा अस्वीकार्य भएको बताएको छ । भारतीय विदेश मन्त्रालयका अनुसार उक्त घटना स्ट्रेट अफ होर्मुज र वरपरको संवेदनशील अन्तर्राष्ट्रिय जलमार्गमा बढ्दो तनावबीच भएको हो ।

हाल अमेरिका र इरानबीच सम्बन्धमा युद्धविरामको अवस्था भए पनि क्षेत्रीय सुरक्षा अवस्था अत्यन्त अस्थिर रहेको बताइएको छ । मिनिष्ट्री अफ एक्टरनल अफेयर्स इन्डियाका प्रवक्ता रणधीर जयसवालले जारी गरेको विज्ञप्तिमा व्यावसायिक जहाज र नाविकहरुलाई बारम्बार लक्षित गर्नु गम्भीर चिन्ताको विषय भएको उल्लेख गरिएको छ । उनले यस्तो आक्रमणलाई कुनै पनि परिस्थितिमा स्वीकार गर्न नसकिने बताए । मन्त्रालयका अनुसार जहाजमा रहेका सबै भारतीय चालक दलका सदस्य सुरक्षित छन् । घटनापछि उद्धार तथा सुरक्षा कार्यमा सहयोग गरेकोमा भारतले ओमानका अधिकारीहरुलाई धन्यबाद दिएको छ ।

### खेल संघ असार १५ भित्र नवीकरण

काठमाडौं राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले खेल संघहरुलाई असार १५ गतेभित्र नवीकरण गर्न निर्देशन दिएको छ । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र नियमावली, २०७९ अनुसार पटकपटक सूचना जारी गर्दा पनि धेरै संघले नवीकरण नगरेपछि राखेपले अन्तिम समयसीमा तोकेको हो ।

राखेपका अनुसार तोकिएको समयभित्र नवीकरण नगर्ने संघमाथि प्रचलित कानुनअनुसार खारेजी प्रक्रिया अघि बढाइनेछ । राखेपको वेबसाइटअनुसार दर्ता भएका ७५ खेल संघमध्ये ३३ संघले हालसम्म नवीकरण गरेका छैनन् । चर्चित नेपाल क्रिकेट संघ (क्यान) ले समेत नवीकरण नगरेको बताइएको छ । नवीकरणका लागि वार्षिक प्रतिवेदन, विधान, भावी योजना, लेखापरीक्षण विवरण तथा कम्तिमा एउटा राष्ट्रियस्तरको प्रतियोगिता सम्पन्न गरेको कागजात पेश गर्नुपर्ने व्यवस्था छ ।

# त्रिविका शिक्षक निजीमा व्यस्त !



सन्देश संवाददाता

काठमाडौं/त्रिभुवन विश्वविद्यालयअन्तर्गत् वीरेन्द्र बहुमुखी क्याम्पसका १८ प्राध्यापकलाई बाहिर काम गरेकोबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वर्ष पत्र काट्यो । तर, उनीहरुले आंशिकरुपमा काम गर्न त्रिविले नै अनुमति दिएको पत्र देखाए । थप कारबाही प्रक्रिया अगाडि बढेन ।

'काम गर्न अनुमति लिएको हो कि होइन भनेर अख्तियारले सोधेको थियो । अनुमतिपत्र देखाएपछि केही भएन,' क्याम्पस प्रमुख डा. प्रेमसागर भण्डारीले भने । त्रिविले त्रिभुवन विश्वविद्यालय अनुगमन निर्देशनालयसम्बन्धि विनियम २०७३ को व्यवस्था भन्दै यसरी अनुमति दिने गरेको छ । 'विश्वविद्यालयको कामकारबाहीमा असर नपर्ने गरी त्रिभुवन विश्वविद्यालय शिक्षक/कर्मचारी सेवासम्बन्धि नियम, २०५० को नियम ६९ र ७१ को अधिनमा रही स्वीकृति दिने,' उक्त विनियममा भनिएको छ । शिक्षक/कर्मचारी सेवासम्बन्धि नियम ६९ मा अन्य स्थानमा काम गर्न नहुने भनिएको छ । जसअनुसार शिक्षक वा कर्मचारीले त्रिभुवन विश्वविद्यालयको कामबाहेक कुनै प्रकारको अन्य रोजगारी कार्यकारी परिषद्बाट तोकिएको पदाधिकारी वा समितिको पूर्वस्वीकृति बेगर गर्नु हुँदैन ।

त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा एकसाथ पूरा वा आंशिक समयमा समेत कुनै नियुक्ति लिइ वा नलिइ काम गर्न नहुने नियममा भनिएको छ । तर, नियम ७१ ले स्वीकृति लिएर काम गर्ने बाटो खुलाएको छ । शिक्षक तथा कर्मचारीले कुनै परामर्श वा अनुसन्धानसम्बन्धि प्रतिष्ठान खोल्न वा सञ्चालन गर्न चाहेमा उपकुलपतिको स्वीकृति लिनुपर्ने भनिएको छ । 'अनुसन्धान, परामर्श, प्राज्ञिक तथा व्यावसायिक प्रकृतिको सेवा वा काम गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन र सोसम्बन्धि अन्य व्यवस्था कार्यप्रणालीले तोकेअनुसार हुनेछ,' नियममा भनिएको छ ।

नियम ६९ र ७१ को आधारमा त्रिविले विनियम बनाएर सिफ्ट/समय तोकी निजीमा काम गर्न शिक्षक/कर्मचारीलाई स्वीकृति दिने गरेको हो । सम्बन्धित शिक्षक एवम् कर्मचारीको तोकिएको कार्यालय समय र पूर्वस्वीकृतिको समयबीच आधा घण्टाको फरक र हने गरी स्वीकृति दिने गरिएको छ । सिफ्ट नजुध्ने गरी शिक्षक स्वीकृति दिने भनिएको छ । तर, यस नियमको पालना नभएको अनुगमनमा खटिएका टोलीका सदस्यहरु बताउँछन् । एकातिर भएकै नियम पालना भएको छैन भने अर्कोतिर ऐनमै नभएको प्रावधान नियम र विनियममा राखिएको अनुगमन निर्देशनालयका एक सदस्य बताउँछन् ।

'ऐनमा व्यवस्था नभएको विषयमा त्रिविले नियम बनाएको छ । नियमलाई टेकेर विनियम बनाएर निजीमा काम गर्न अनुमति दिएको देखिन्छ,' नाम उल्लेख गर्न नचाहने ती सदस्य भन्छन्–महत्वपूर्ण विषयमा विनियम बनाएर पुग्दैन । ऐनमै आउनु पर्छ । संसद्बाट पारित नभएको कानुनलाई आफूअनुकूल विनियम बनाएर काम गर्न नहुने उनी बताउँछन् । त्रिवि शिक्षक/कर्मचारीसम्बन्धि नियम त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ५ (ज), १० (च) र ३४ ले दिएको अधिकार प्रयोग गरेर बनेको भनिएको छ । तर, नियम र विनियममा ऐनले नै प्रत्याभुत नगरेको अधिकार राखिएको जानकारहरु बताउँछन् । स्वभाविकरुपमा ऐनसँग बाझिएको हकमा नियम र विनियमका प्रावधान स्वत: खारेज हुन्छन् ।

### *अनुमतिपत्र नै हतियार*

यसरी स्वीकृति लिएर प्राध्यापकहरु त्रिविको सट्टा निजीमा पढाउन धाउने गरेका छन् । प्राध्यापकले आफ्नो सिफ्टमा नपढाएको उजुरी त्रिविमा बारम्बार पर्ने गरेको छ । उजुरीको आधारमा अनुगमन टोली सम्बन्धित निकायमा पनि पुग्छ । 'नक्कली रुटिनसमेत बनाएको भेटिएको छ । स्वीकृतिपत्रलाई शिक्षक/कर्मचारीले हतियार बनाएका छन् । तोकिएको समयमा त्रिविमा नपढाउने र बाहिर काम गर्ने गरेको पाइएको छ,' अनुगमनमा खटिएका एक अधिकृतले भने ।

त्रिविमा तीन वटा सत्र विहान, दिउँसो र साँझ पठनपाठन हुन्छ । यदि विहान त्रिविमा पढाउने हो भने दिउँसो वा साँझ आंशिकरुपमा पढाउन शिक्षक/कर्मचारीलाई स्वीकृति दिने गरिएको छ । '५ सदस्यीय कार्यसम्पादन समिति बसेर स्वीकृत हुन्छ । अयोग्य ठहरिए निवेदन अस्वीकृत हुन्छ,' अनुगमन निर्देशनालयका कार्यकारी निर्देशक प्राडा यमबहादुर गुरुङले भने ।

### *हाजिर त्रिविमा, काम निजीमा*

अनुमतिपत्र देखाउँदै त्रिविमा पढाउनुपर्ने समयमा प्राध्यापकहरु हाजिर गरेर निजीमा जाने गरेका छन् । 'विहान त्रिविमा आएर हाजिर गर्ने र निजीमा काम गर्न जाने गरेको पाइएको छ,' अनुगमनमा खटिएका ती सदस्यले भने । त्रिविमा शिक्षकको हकमा एक पटकमात्र हाजिर गर्ने व्यवस्था छ । 'दिनमा एक पटक हाजिर गरे हुने भएकाले बाहिर काम गर्न सहज भएको हो । कोही राम्रो शिक्षक हुनुहुन्छ, आफ्नो सिफ्टमा पढाउने र स्वीकृति लिएको समयमा मात्र अर्कोमा पढाउने शिक्षक पनि हुनुहुन्छ,' निर्देशनालयका एक अधिकारीले भने ।

शिक्षक तथा कर्मचारीलाई एक आर्थिक वर्षमा एउटा संस्थामा एउटा सिफ्टमा बाहेक अन्य सिफ्टमा काम गर्न स्वीकृति दिने गरिएको छैन । तर, दुई वा दुईभन्दा बढी निजी क्याम्पसमा पढाउने गरेको भेटिएको अनुगमनमा खटिएको टोलीको दाबी छ । 'एक पिरियड एउटामा पढाउने, अर्को पिरियड पढाउन अर्को कलेजमा पुग्नेको संख्या पनि उत्तिकै छ,' उनले भने । सेमेस्टर प्रणालीमा एक शिक्षकले ९ क्रेडिटआवर र वार्षिक प्रणालीमा १५ देखि १८ पिरियड पढाउनु पर्ने हो । 'तर, एक पिरियड पनि नपढाउने शिक्षक छन्,' अनुगमनमा खटिएका एक सदस्यले भने–त्रिविको सट्टा निजीमा पढाउँदै गरेका भेटिन्छन् ।

आंशिकरुपमा पढाउन दिने नियम नै गलत भएको त्रिवि पदाधिकारीहरु स्वीकार गर्छन् । 'त्रिविका शिक्षक/कर्मचारीले अन्त गएर काम गर्न नपाउनुपर्ने हो । गेष्टका रुपमा गएर कहिलेकाहीं पढाउन सकियो । तर, स्वीकृति लिएर काम गर्ने गरेका छन् । यो नियम नै खारेज गर्नुपर्छ,' निवर्तमान उपकुलपति प्राडा दीपक अर्याल भन्छन् ।

### *पहुँचवालाले लिंदैनन् स्वीकृति*

प्राध्यापकले अनुमति नलिइ निजीमा काम गरिरहेको उजुरी त्रिविमा बारम्बार पर्छ । उजुरीका आधारमा त्रिविले छानबिन समिति पनि बनायो । तर, निजी संस्थामा आफ्नो नाममा कागजात नबनाउने गरेको भेटिएको अनुगमनमा खटिएका सदस्यहरु बताउँछन् । 'कोही सञ्चालक, कोही प्रिन्सिपल भएर काम गरेको उजुरी परेपछि अनुगमनमा गयौं । तर, कागजात हेर्दा अर्कैको नाम राखिएको भेटियो,' ती अधिकारीले भने–कतिपयले सञ्चालकमा आफन्तको नाम राखेर काम गरेको आशंका छ । प्रिन्सिपल र सहायक प्रिन्सिपल भएर काम गरेका छन् । अनुगमनमा जाँदा उनीहरु देखिँदैनन् ।

त्रिविको नियमअनुसार पूर्णकालीन शिक्षक/कर्मचारी अर्को संस्थाको सञ्चालक वा पदाधिकारी हुन नपाउने व्यवस्था छ । तर, त्रिविका शिक्षक/कर्मचारी निजी क्याम्पसका सञ्चालक छन् । त्रिविलाई छलेर स्वीकृति नलिइ निजीको सञ्चालक भएर काम गर्ने गरेका छन् । 'पहुँचवालाहरुले स्वीकृति नै लिंदैनन् । नियमविपरीत निजीमा काम गर्दा पनि कारबाही गर्न सकिएको छैन,' अनुगमनमा खटिएका कर्मचारी भन्छन्–एक महिनामै ५० वटासम्म उजुरी आउने गरेको छ । स्वीकृति नलिइ निजीमा काम गरेको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र त्रिविमा पर्छ । अख्तियार र सतर्कता केन्द्रबाट फाइल अनुगमन निर्देशनालयमा आइपुग्छ । त्रिविमा पूरा समय काम नगरेको भनेर उजुरी आउने गरेको बताउँछन् कार्यकारी निर्देशक यम ।

'आंशिकरुपमा काम गर्न स्वीकृति दिएको हो । तर, पूरा समय लुकिछिपी निजीमा काम गरेको भनेर उजुरी आउने गरेको छ,' निर्देशक गुरुङले भने ।

निर्देशनालयले छानबिन गरेर त्रिविको कार्यकारीमा प्रतिवेदन पठाउने गरेको छ ।

# अनुसन्धानका लागि पुनले मागे एक प्रतिशत्




सन्देश संवाददाता

काठमाडौं/प्रतिनिधिसभाको बिहीबारको बैठकमा स्वतन्त्र सांसद् महावीर पुनले पुँजीगत् खर्चको एक प्रतिशत् अनुसन्धान र विकासका लागि छुट्याउन सरकारसँग आग्रह गरेका छन् । सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा उनले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय गठन गरिनु स्वागतयोग्य भएको बताए ।

विकसित मुलुकले कुल गार्हस्थ उत्पादनको पाँच प्रतिशत्सम्म बजेट अनुसन्धान र विकासका क्षेत्रमा खर्च गरिने दृष्टान्त दिंदै उनले अन्यन्त न्यून बजेट व्यवस्था गरेर वैज्ञानिक अनुसन्धानमा फड्को मार्न नसकिने धारणा राखे । सांसद् पुनले शिक्षकको दरबन्दी बढाएर सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सरकारको ध्यानाकर्षण गराए ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद् विपिनकुमार आचार्यले आगामी निर्वाचनमा संसारभर छरिएर रहेको नेपालीको मताधिकार सुनिश्चित गर्ने मतदान पद्धतिको विकासलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अघि बढाउन प्रस्ताव गरे ।

सरकारको आगामी आर्थिक वर्षको सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि दलीय आधारमा छलफल गर्दै उनले राजनीतिक पहुँच र तजबिजी अधिकार अन्त्य गर्दै पूर्वाधार आवश्यकताका सूचकांकको गणितीय अंकभारका आधारमा मात्र पुँजीगत् बजेट विनियोजन गर्ने नीति अंगीकार गर्न आग्रह गरे । उनले सेवाप्रवाहमा ढिलाइ गर्ने र जिम्मेवारी पन्छाउने कर्मचारीमाथि निगरानी राखी कार्यसम्पादनमा आधारित जवाफदेहिता संयन्त्र बनाउन सुझाव दिए ।

सांसद् आचार्यले देश र जनताको भविष्य उज्ज्वल बनाउने अभिभारा बोकेका सांसद्को वृत्तिविकास र क्षमता अभिवृद्धिमा लगानी गर्ने विषय नीति तथा कार्यक्रममा समेट्न सरकारको ध्यानाकर्षण गराए । संसद्मा उठेका प्रश्नको हिसाबकिताब, सांसद् र नागरिक दुवैले पारदर्शीरुपमा थाहा पाउनुपर्नेमा सांसद् आचार्यले जोड दिए । सांसद् आचार्यले जनअपेक्षाअनुसार काम गर्न नसक्ने जनप्रतिधिलाई उनीहरुको कार्यकाल नसकिंदै जनताले फिर्ता बोलाउन सक्ने राइट टु रिकलको अवधारणालाई संस्थागत् गर्न आवश्यक संरचनात्मक र नीतिगत् व्यवस्थालाई नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

बैठकमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद् वर्षमान पुनले कोरा आर्थिक वृद्धिले मात्र मुलुकमा विद्यमान सामाजिक/आर्थिक समस्या समाधान नगर्ने बताए । नीति तथा कार्यक्रममाथि दलीय आधारमा छलफल गर्दै कोरा आर्थिक वृद्धि होइन, अर्थतन्त्रको संरचनात्मक सुधारमा ध्यान दिनुपर्ने आवश्यकता उनले औंल्याए । उनले समाजका सबै तह र तप्कालाई समानुपातिक प्रतिफल दिने र राज्यका सेवामा सबैको समान पहुँच सुनिश्चित हुने गरी व्यवस्था मिलाउने नीति लिन सरकारसँग आग्रह गरे ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिले बजारमा वस्तु र सेवाको मूल्यमा परेको असरबाट जनतालाई राहत दिने विषयमा दस्तावेज मौन रहेको सांसद् पुनले बताए । सांसद् पुनले बुढीगण्डकीलगायत राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र सम्पन्न गर्ने, तीन तहका सरकारबीच राजस्व बाँडफाँटलाई समन्यायिक सन्तुलित र अनुमानयोग्य बनाउने विषयमा ध्यान दिन सरकारसँग आग्रह गरे ।

कृषिक्षेत्रबारे विगतका कार्यक्रमले निरन्तरता पाएको उल्लेख गर्दै उनले तीन वटै तहको समन्वयमा स्थानीय विशिष्टताका आधारमा निर्यात प्रतिस्थापन गर्ने गरी उत्पादन, कृषिजन्य वस्तुको संकलन, प्रशोधन र बजारीकरणको चुनौती सम्बोधन गर्ने नीति अख्तियार गर्न सुझाव दिए । उनले अधिकारसम्पन्न दलित विकास प्राधिकरण स्थापनालाई प्राथमिकतासाथ नीति कार्यक्रममा समावेश गर्न आग्रह गरे ।

सांसद् पुनले हुलाकी राजमार्गलाई कृषिमा आधारित ग्रामीण उद्योग तथा मध्यपहाडी राजमार्गलाई फलफुलमा आधारित उद्यम करिडरका रुपमा विकास गर्ने कार्यक्रम समेट्न सरकारसँग आग्रह गरे ।

*देउवा समूहको बागमती भेला*

# महासमिति बैठक बोलाऊ, मनोनयन खारेज गर



सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको निवर्तमान सभापति शेरबहादुर देउवा पक्षको बागमती प्रदेशस्तरीय भेलाले पार्टीको बृहत्तर एकता र पुनर्जागरणका लागि तत्काल पूर्ण महासमितिको बैठक बोलाउन माग गरेको छ ।

भेलाले वर्तमान सरकार निरंकुशतातर्फ उन्मुख भएको निष्कर्ष निकाल्दै पार्टीभित्र नेतृत्वले गरेका स्वेच्छाचारी निर्णय, कारबाही र एकलौटी मनोनयन तत्काल रोक्न नेतृत्वलाई चेतावनीसमेत दिएको हो ।

विदेशमा उपचाररत कांग्रेसका निवर्तमान सभापति शेर बहादुर देउवाको शीघ्र स्वास्थ्यलाभको कामना भेलाले गरेको छ । विभिन्न क्षेत्रका स्थापित व्यक्तित्व तथा पार्टी नेतृत्वमाथि पर्याप्त कानुनी विधि र प्रक्रिया पूरा नगरी प्रतिशोधपूर्ण रूपमा गरिएको धरपकडप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै विधिको शासन सुदृढ बनाइनुपर्नेमा जोड दिइएको छ ।

पार्टीभित्रको आन्तरिक संकट समाधान गर्न र आगामी राजनीतिक दिशा तय गर्न शीघ्र पूर्ण महासमितिको बैठक आयोजना गर्नुपर्ने भेलाको मुख्य माग छ । आगामी १५ औं महाधिवेशनलाई पारदर्शी, निष्पक्ष र सर्वस्वीकार्य रूपमा सम्पन्न गर्न सबै पक्षको सहभागिता सुनिश्चित हुने गरी सहमतिको साझा संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय सभामा दलको नेता परिवर्तन गरिएको विषयमा उठेका प्रश्नलाई ध्यानमा राख्दै उक्त निर्णयको कारण, प्रक्रिया र औचित्य पारदर्शीरूपमा स्पष्ट गर्न पार्टी नेतृत्वको ध्यानाकर्षण गराइएको छ । प्रतिशोधको भावनाबाट प्रेरित निर्णयले पार्टीको एकता र सहकार्यमा समस्या सिर्जना गर्ने भेलाले औंल्याएको छ । भ्रातृ तथा शुभेच्छुक संस्थाहरूलाई तदर्थवादमा अल्झाउने र विघटन गर्ने प्रवृत्ति अन्त्य गरी नियमित महाधिवेशनमार्फत् नेतृत्व

# हरि खेतान क्याम्पस प्रमुखमाथि हातपात




वीरगञ्ज/वीरगञ्ज स्थित हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख किशोरी रायमाथि बिहीवार दुर्व्यवहार तथा हातपात भएको छ ।

क्याम्पस प्रशासनका अनुसार करार सेवामा कार्यरत चार जना शिक्षक लाई सेवाबाट हटाउने निर्णयपछि विवाद उत्पन्न भएको हो ।

## सांबा बराबरको रकम बुझाई ऋण चुक्ता गर्ने बारे सूचना

यस संस्थाको सेवा केन्द्र हेटौंडाबाट विभिन्न शीर्षकअन्तर्गत ऋण लिएका ऋणी सदस्यहरुले संस्थाबाट लिएको ऋण तोकिएको मितिमा सांवा तथा ब्याज बुझाउन नसकी सो ऋणको ब्याज र हर्जाना रकम बाँकी साँवाभन्दा बढी भएको ऋणी शेयर सदस्यहरुको हक हितलाई ध्यानमा राखी संस्थाले अमूल्य अवसर प्रदान गर्दै मिति २०८३ साल जेष्ठ १ गतेदेखि २०८३ साल जेष्ठ मसान्तभित्रमा बाँकी साँवाको दोब्बर रकम साथै लागेको अन्य खर्च टिकट, पत्रिका, लिखतको खर्च एकमुष्ट संस्थामा जम्मा गरेमा बाँकी रकम मिनाहा गर्नेसम्बन्धि संस्थाको मिति २०८३/०१/२९ गतेको संचालक समितिको बैठकबाट निर्णय भएकोले सम्पूर्ण ऋणी सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सहारा मल्टिपर्पस को-अपरेटिभ सोसाईटी लिमिटेड**
सेवा केन्द, हेटौंडा
सम्पर्क फोन नं.: ०५७-५२४६५४, मो:९८४५६५९२८०

*जिल्लास्तरीय राष्ट्रपति रनिङ*

# बागमतीको बर्चस्व



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बागमती गाउँपालिकाले जितेको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको १६ औं संस्करणको प्रतियोगिता बागमतीले जितेको हो ।

बिहीबार सम्पन्न स्पर्धामा २५ स्वर्ण, १५ रजत र १२ कास्य सहित बागमती गाउँपालिकाले उपाधि जितेको हो । यस्तै, १६ स्वर्ण, ४ रजत र ४ कास्यसहित बकैया गाउँपालिकाले दोस्रो स्थान हासिल गरेको छ । साविक विजेता हेटौंडा उपमहानगरपालिका भने यस वर्ष १५ स्वर्ण, ६ रजत र १० कास्यसहित तेस्रो स्थानमा सीमित रह्यो । हेटौंडा उपमहानगरपालिकाले यसअघि १४ औं र १५ औं संस्करण लगातार प्रथम स्थान हासिल गरेको थियो ।

१५ औं संस्करणको स्पर्धामा हेटौंडाले १५ स्वर्ण, १० रजत र ९ कांस्य पदक प्राप्त गरेको थियो । यस्तै बकैया गाउँपालिकाले १३ स्वर्ण, ५ रजत र १० कास्य पदक प्राप्त गर्दा थाहा नगरपालिकाले ११ स्वर्ण, ९ रजत र ६ कास्य पदक प्राप्त गरेको थियो । प्रतियोगितामा सोमबार देखि बिहीबारसम्म सञ्चालन भएको हो । प्रतियोगितामा राक्सिराङ गाउँपालिकाबाहेक जिल्लाका अन्य ९ वटा स्थानीय तहले सहभागिता जनाएका थिए । प्रतियोगिताअन्तर्गत भलिबल, कबड्डी, कराँते, तेक्वान्दो, उसु, दौड र एथ्लेटिक्स खेलहरु भएको हो । प्रतियोगितामा उसुतर्फ हेटौंडा र बागमती गरी दुई वटा पालिकाको टिमले मात्रै सहभागिता जनाएका थिए ।

बिहीबार जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षमा भएको समापन समारोहमा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यता तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य अमृत लुङ्बा र जिल्ला खेलकुद कार्यालय प्रमुख वीरेन्द्र ढुङ्गाना लगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल खेलाडीहरुलाई क्याम्पमा राखेर प्रदेशस्तरीय प्रतियोगिताका प्रशिक्षण गराइने जिल्ला खेलकुद अध्यक्ष मोक्तानले बताए ।

प्रतियोगिताको समापन कार्यक्रममा समितिले जिल्लाको प्रतिनिधित्व गर्दै भारतमा भएका विभिन्न प्रतियोगितामा सहभागिता जनाएका जिल्लाका खेलाडी तथा निर्णायकहरुलाई सम्मान गरेको छ । गत जनवरी १० र ११ मा भारतको आसाममा सम्पन्न चौथो अन्तर्राष्ट्रिय खुल्ला फुल कन्ट्याक्ट कराँते च्यानपियनसीप प्रतियोगितामा मकवानपुर क्योकुशिन कराँते संघ बालकुमारीका खेलाडी सीता श्रेष्ठ र अमृत सुनार निर्णायकको भूमिकामा सहभागी भएका थिए ।

सो प्रतियोगितामा मकवानपुर क्योकुसिन कराँते संघ बालकुमारीका खेलाडी रेश्मा थापा र रिदम थापा १७ वर्ष उमेर समूहमा स्वर्ण पदक र ज्योति लुङवा रजत पदक जित्न सफल भएका थिए भने ५५ केजी तौल समूहमा सबिना आले स्वर्ण र शशीप्रसाद विक रजत र ६० केजी तौल समूहमा रोहित थापाले कास्य पदक जितेका थिए ।

यसैगरी गत मे ४ र ५ तारिखमा भारतको गोरखपुरमा सम्पन्न हक्की गर्ल्स फ्रेन्डसीप प्रतियोगितामा मकवानपुर जिल्ला हक्की संघका खेलाडी कृति पुलामी मगर, प्रनिता पुडासैनी र संजिता श्रेष्ठले रजत पदक जित्न सफल भएका थिए । समितिले उनीहरुलाई पनि सम्मानपत्र प्रदान गरेको हो ।

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने